annapurnapost.com

अन्नपूर्ण पोस्ट

वर्ष २५, अंक ११६, पृष्ठ ८ | काठमाडौं, सोमबार ८ भदौ २०८३ | श्रावण शुक्लपक्ष द्वादशी नेपाल संवत् ११४६ | MONDAY, AUGUST 24, 2026 | मूल्य : रु. १०

सरकारमा मुठीभर कर्मचारीको रजगज



भन्डै दुईतिहाइको रास्वपा सरकारले ४५ दिनभित्र संघीय निजामती ऐन तर्जुमा गर्ने प्रतिबद्धता जनाएको थियो। तर, सरकार गठनको पाँच महिना पुग्न लाग्दा पनि उक्त विधेयक संघीय संसद्मा पेस हुन सकेको छैन। कानुनी शून्यताको अवस्थामा सरकार निकटका केही मुठीभर कर्मचारीले भने कर्मचारीतन्त्रमा निकै चलखेल गरिरहेको पीडित कर्मचारीहरू बताउँछन्। जिम्मेवारी नदिने, दुर्गममा सरुवाको धम्की दिने, राजनीतिक रंग छर्किदिनेलगायतका काम भइरहेको भन्दै कर्मचारीहरू त्रसित बन्नु परेको दु:खेसो व्यक्त गर्छन्।

- सरुवामा मनपरी, स्वार्थ समूह हाबी
- ३०-५९ को प्रस्तावले कर्मचारीमा तरंग
- राजीनामा दिनेको संख्या बढ्दै
- कर्मचारीप्रति सरकारको अविश्वास
- तीन महिनादेखि विधेयक कानुन मन्त्रालयमै
- अध्यादेशको त्रास, ऐन बनाउन छलछाम
- कर्मचारीको ओएन्डएम गर्दै सामान्य प्रशासन मन्त्रालय

सुरेन्द्र काफ्ले | *काठमाडौं*

विस्तृत पृष्ठ २

देउवा-गगन संवादको प्रयास

राधा खनाल | *काठमाडौं*

पार्टी सभापति गगन थापा र पूर्वसभापति शेरबहादुर देउवा कांग्रेसको आन्तरिक विवाद संवादबाटै समाधान खोज्न सकारात्मक देखिएका छन्। सभापति थापाले निवर्तमान सभापति देउवालाई १५औं महाधिवेशनमा पूर्वसभापतिका रूपमा सम्मानपूर्वक आमन्त्रण गरेर कुरा सुन्न चाहेको बताएका छन्। देउवाले पनि पार्टी एकताका लागि थापासँग छलफल गर्न आफू तयार रहेको संकेत दिएका छन्।

सभापति थापाले केन्द्रीय समिति बैठक समापनका क्रममा देउवाप्रति लामो गुनासो राख्दै विगतमा उनलाई नजिकका नेताहरूले गलत सूचना दिएर पटक-पटक अल्मल्याएको दाबी गरे। देउवाले सम्पर्क कार्यालयमा 'सभापति' लेखिएको नेमप्लेट राखेको प्रसंगसमेत उठाउँदै थापाले आफूलाई नरमाइलो लागेको बताए। 'जसले यसो नगर्नु दाइ भनेर भन्यो, ती सबै तपाईंलाई पराई लागे,' थापाले भने, 'जसले वरिपरि बसेर धुप बाले, ती आफ्ना लागे। आफ्नाले डुबाए दाइ, फेरि डुबाउँछन्।'

थापाले आफू र उपसभापति विश्वप्रकाश शर्माले संकटका विभिन्न चरणमा देउवासँग संवाद गरेको स्मरण गर्दै पार्टीभित्रका केही नेताले देउवालाई पटक-पटक भ्रममा पारेको आरोप लगाए। देउवालाई आफ्नो कमजोरी वा अप्ठ्यारो लुकाउने ढाल बन्न नदिन पनि उनले आग्रह गरे।

तर, विगतका मतभेदका बाबजुद देउवाप्रति आफ्नो सम्मान कायमै रहेको थापाको भनाइ छ। उनले देउवाले लोकतन्त्रका लागि पुऱ्याएको योगदान र सुदूरपश्चिमबाट राष्ट्रिय राजनीतिमा गरेको संघर्षको महत्त्वलाई कांग्रेसले सधैं सम्झिरहने बताए।

आगामी असोज १६ गतेदेखि हुने भनिएको १५औं महाधिवेशनमा देउवालाई निवर्तमान सभापतिको हैसियतमा अतिथिका रूपमा आमन्त्रण गर्न आफूहरू इच्छुक रहेको थापाले बताए। 'तपाईंका कुरा सुन्न चाहन्छौं, तपाईंको शुभेच्छा लिन चाहन्छौं, तपाईंको मार्गदर्शन लिन चाहन्छौं,' थापाले भने।

संवादका लागि देउवा पनि सकारात्मक

पार्टी एकताको प्रयासमा सक्रिय कांग्रेसका पूर्वकेन्द्रीय सदस्य नैनसिंह महरले आइतबार देउवासँग भेट गरी थापा र देउवाबीच संवाद आवश्यक रहेको बताए। त्यसअघि उनले सभापति थापासँग भेटेर पार्टी एकताका लागि तीन विकल्प अघि सारेका थिए।

महरका अनुसार पहिलो विकल्प- थापा र देउवामध्ये एक जनाले १५औं महाधिवेशनको नेतृत्व गर्ने विषयमा सहमति खोज्ने, दोस्रो विकल्प हो- दुवै नेताले नेतृत्वको दाबी छाडेर तेस्रो व्यक्तिको नेतृत्वमा निष्पक्ष महाधिवेशन गर्ने र तेस्रो विकल्पमा सर्वोच्च अदालतबाट पार्टीको आधिकारिकतासम्बन्धी आउने अन्तिम फैसला दुवै पक्षले स्वीकार गर्ने।

महरले भेटमा दुवै नेताबीच सहमति नजुटे पार्टी विभाजनको जोखिम बढ्ने भन्दै संवादलाई प्राथमिकता दिन आग्रह गरेका थिए। देउवाले भने अदालतको निर्णय आएपछि थप प्रक्रिया अघि बढाउने धारणा राखेका छन्। महरसँगको भेटमा उनले आफू संवादको विपक्षमा नरहेको र पार्टीभित्र मिलाउने प्रयास गरिरहेको बताएका थिए। देउवाले र नेता कर्ण मल्लसँगको भेटमा पनि पार्टी एकताका लागि गगनसँग संवाद गर्ने बताएका थिए। आइतबार बिहान देउवा निवासमा भएको भेटमा डँडेलधुराका कांग्रेसका पूर्वसभापति मल्लले देउवालाई पार्टीको १५औं महाधिवेशनलाई लक्षित गर्दै अभिभावकीय भूमिका निर्वाह गर्न आग्रह गरेका थिए।

» बाँकी पृष्ठ ६

शेरबहादुर दाईलाई १५औं महाधिवेशनमा बोलाउँछौं। उहाँका कुरा सुन्न चाहन्छौं, उहाँको शुभेच्छा लिन चाहन्छौं, उहाँको मार्गदर्शन लिन चाहन्छौं।

गगन थापा, कांग्रेस सभापति

गगनलाई भेटेर पार्टी एकताका विषयमा कुरा गर्छु। अदालतको निर्णय आएपछि थप प्रक्रिया अघि बढाउँछौं।

शेरबहादुर देउवा, कांग्रेस पूर्वसभापति

भग्नावशेषमा घर खोज्दै अबोध नानीहरू

भन्छन् 'इँटाका टुक्राले घर बनाउँदैछौं'

जे पाण्डे | *कोहलपुर (बाँके)*

रोशनी बुढालाई घरको अर्थको ठूलो व्याख्या थाहा छैन। न उनलाई नक्सा कोर्न आउँछ, न इँटा र ढुंगाले बलियो पर्खाल कसरी बनाइन्छ भन्ने नै थाहा छ। उनलाई यत्तिमात्र थाहा छ, घर भनेको त्यो ठाउँ हो, जहाँ रात परेपछि आमाबुवासँग सुत्न पाइन्छ, बिहान उठेर खान पाइन्छ र त्यसपछि विद्यालय पढन जान पाइन्छ।

तर रोशनीसँग हाल त्यो घर छैन। कोहलपुर शान्तिनगरमा रहेको आफ्नो पुरानो घर भत्काइएको चार महिनापछि ९ वर्षीया रोशनी फेरि त्यही ठाउँमा पुगिन्। उनी एक्लै थिइनन्। उनीसँगै उनका तीन साथी ढललक्ष्मी रावल, जया विष्ट र भैपुरा विष्ट पनि साथमा थिए।

उनीहरू पुगेको ठाउँमा पहिलेको सग्लो घर त थिएन नै। घरको नामोनिसान पनि थिएन। चारैतिर डोजरले भत्काएका पर्खालका टुक्रा, फुटेका इँटा, ढुंगा र भग्नावशेषमात्रै यत्रतत्र छरिएका थिए। तर चारजना बालिकाका आँखाले त्यही भग्नावशेषभित्र आफ्नो घर खोजिरहेका थिए। 'के खोज्दैछौ तिमीहरू ?' अन्नपूर्ण पोस्ट्को प्रश्न सुनेपछि इँटाका टुक्रा बटुलेर भत्किएको पर्खालजस्तो बनाउन खोजिरहेकी रोशनीले पुलुक्क हेरिन्। अनि सहजै भनिन् 'यो त हाम्रो घर हो। यही बस्थ्यौं हामी। अहिले कतै बस्ने ठाउँ छैन। घर बनाउँदैछौं।'

कोहलपुर नगरपालिका-शान्तिनगरमा सरकारले डोजर लगाएर भत्काएपछिको यो भग्नावशेषमा यी चार बालिका हरेक दिन आफ्ना हराएका घर खोजिरहेका छन्। ● जे पाण्डे

उनको जवाफमा कुनै गुनासो थिएन। न कुनै आक्रोश। बरु घर नहुँदा भोग्नु परेको कष्टकर अवस्थाको सरल स्वीकारोक्ति थियो। डोजरले केही घण्टामै भत्काएको घर रोशनी भने आफ्ना साना हातले फेरि बनाउन खोजिरहेकी थिइन्।

उनी इँटा टिप्छिन्। ढुंगा मिलाउँछिन्। एउटा इँटा अर्कोमाथि राख्छिन्। छरिएका टुक्रालाई जोडेर भित्ताको आकार दिन खोज्छिन्। उनलाई लाग्छ इँटा मिलाउँदै गएपछि फेरि घर बन्छ। तर दिवाल अग्लो हुनासाथ फेरि भत्किन्थ्यो।

फेरि बनाउन थाल्थे। उनी यहाँ खेलिरहेकी थिइनन्। यो कुनै खेलौनाको घर पनि होइन। बालबालिकाले खेल्ने घर बनाउने खेल पनि होइन। उनीहरूले बनाउँदै गरेको यो घर स्थानीय सरकारले डोजर लगाएर भत्काइदिएको आफ्नै घरको सम्झना हो।

'तिमीहरू चारैजनाको घर यहीँ हो ?' अर्को प्रश्नमा 'हैन,' ढललक्ष्मी रावलले करिब २० मिटर उत्तरतिर आफनो भत्केको घर देखाउँदै भनिन्, 'रोशनीको मात्र हो। मेरो घर त उता हो।' उनले देखाएको ठाउँमा पनि रोशनीको घरको जस्तै भग्नावशेषमात्रै थियो। जया विष्ट र भैपुरा विष्टको घर पनि रोशनीको भग्नावशेषसँगै जोडिएको छ। उनीहरू दिदीबहिनी होइनन्। मन मिल्ने साथी हुन्। आइतबार उनीहरू रोशनीको घरको भग्नावशेषमा इँटा मिलाउँदै थिए। उनीहरूको योजना रहेछ आज रोशनीको घरको भित्ता लगाउने, अर्को दिन ढललक्ष्मीको, अनि पालैपालो चारै जनाको भत्किएको घरको ठाउँमा 'दिवाल' लगाउने। चार बालिका। चार भग्नावशेष। अनि एउटा साझा सपना। फेरि घर बनाउने।

» बाँकी पृष्ठ ६

त्रासमा निजामती सेवा, केहीको रजाइँ, धेरैको बदखवाइँ

ओएन्डएम सर्वेक्षण पूरा भएपछि मात्रै फाजिल कर्मचारीको यकिन तथ्यांक आउँछ। कर्मचारी व्यवस्थापन निश्चित आधारमा गरिएको हो। गुनासाहरू सम्बोधन गर्न मन्त्रालय तयार छ।

एकदेव अधिकारी,
प्रवक्ता, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

कर्मचारीको विश्वास लिएर काम गर्नुपर्ने बेला ३०-५५ वर्षे प्रावधान ल्याएर अल्झिनु सान्दर्भिक देखिँदैन। कर्मचारीलाई तर्साएर सुशासन कायम गर्न सकिँदैन।

खेमराज रेग्मी,
पूर्वसचिव, सुशासनविद्

सरकारले निजामती प्रशासनलाई विश्वासमा लिन सकेको छैन। सार्वजनिक प्रशासन राज्यको जग हो, त्यसलाई कमजोर पारेर अघि बढ्दा सरकारलाई नै पछि असर पर्छ।

पुण्यप्रसाद ढकाल,
अध्यक्ष, पेसागत महासंघ नेपाल

कर्मचारीतन्त्र सुधारका लागि स्पष्ट नीति आवश्यक छ। टालटुले ढंगले होइन, विज्ञहरूको शक्तिशाली आयोग बनाएर अध्ययन गरी सुधार अघि बढाउनुपर्छ।

शारदाप्रसाद त्रिताल,
पूर्वसचिव एवं प्रशासनविद्

सुरेन्द्र काफ्ले | *काठमाडौं*

वैशाखयता मात्रै ३ सय ८२ कर्मचारीले पदबाट राजीनामा दिएका छन्। जसमा विशिष्ट श्रेणीका सचिव ३ जना, प्रथम श्रेणीका सहसचिव १२ जना, उपसचिव ७० जना, शाखा अधिकृत ६५ र अन्य २३२ जना अन्य पदका छन्। रास्वपाको सरकार बनेयता 'अनावश्यक दु:ख दिने र पेल्ने गरिएका कारण राजीनामा दिनु परेको उनीहरूको भनाइ छ। जबकि, सरकारले आफ्नै प्रतिबद्धताअनुसार निजामती सेवा विधेयक पारित गर्नुको सट्टा कर्मचारीमाथि 'राजनीतिक रिसइबी साँध्ने र जिम्मेवारीविहीन' बनाउने गरिएको पीडित कर्मचारीको दु:खेको छ। त्यतिमात्र होइन, प्रथम श्रेणीका दर्जनौं कर्मचारीलाई कामविहीन बनाएर फाजिलमा राखिएका छन्।

मुलुकको स्थायी सरकार हो- निजामती सेवा। राजनीतिक नेतृत्व फेरबदल भइरहने गरे पनि कर्मचारीतन्त्र जहिल्यै स्थायी हुन्छ। तर, पछिल्लो समय कर्मचारीतन्त्र भद्रगोल अवस्थामा पुगेको कर्मचारीहरू गुनासो गर्छन्। रास्वपाको सरकारले मन्त्रालयको संख्या घटाएका कारण धेरै कर्मचारी जिम्मेवारीविहीन अवस्थामा छन्। सरकारले २२ बाट घटाएर १८ मन्त्रालय बनाएको थियो। सयौं कर्मचारी जिम्मेवारीविहीन र दरबन्दी कटौती भएपछि दरबन्दी मिलान गर्ने र कर्मचारीको उचित व्यवस्थापन गर्नेभन्दा 'दु:ख दिने' काममात्रै भइरहेको कर्मचारीहरू बताउँछन्।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले धेरै कर्मचारीहरू फाजिलमा रहेको स्वीकार गरेको छ। मन्त्रालयका प्रवक्ता एवं सहसचिव एकदेव अधिकारी फाजिल रहेको संख्या यकिन नभए पनि व्यवस्थापन गर्दा कतिपय कर्मचारी कामविहीन हुनु परेको स्वीकार गरे। उनले सरकारी निकायमा नयाँ संगठन तथा व्यवस्थापन सर्वेक्षण (ओएन्डएम) भइरहेकाले केही समयपछिमात्रै तथ्यांक थाहा हुने बताए। उनका अनुसार आगामी १५ दिनभित्र ओएन्डएमको काम सकिएपछि मात्रै फाजिलमा रहेका कर्मचारी र सहसचिवहरूको आधिकारिक तथ्यांक सार्वजनिक हुनेछ। 'ओएन्डएम सकिएपछि मात्रै हामी यकिन विवरण भन्न सक्छौं,' प्रवक्ता अधिकारीले भने, 'अहिले हामीसँग त्यस्तो फाइनल डाटा छैन। सम्भवत: अब यो १५ दिनभित्रमा हामी सक्छौं। त्यसपछाडि मात्रै यसको विवरण आउँछ।'

सीमितको रजगज

नयाँ सरकार बनेयता केही मुठीभर कर्मचारीले सरुवा, बढुवा र जिम्मेवारी निर्धारणमा रजगज गरिरहेको गुनासो कर्मचारीहरू गर्छन्। विगतमा राजनीतिक दल निकट रहेको आरोप लगाएर सीमित कर्मचारीले बहुसंख्यकलाई पेल्ने र दु:ख दिने काम गरिरहेको कर्मचारीहरू बताउँछन्। सीमितको हालीमुहालीले गर्दा सरकारी कामकारबाही समेत प्रभावित हुन थालेका छन्। सुरुवातमा केही सकारात्मक लक्षण देखिएपछि पुन: कर्मचारीतन्त्रमा विगतमा जस्तै स्वार्थ समूहको प्रवेश भइरहेको छ। राजनीतिक दल र ट्रेड युनियनको प्रभाव कम भए पनि स्वार्थ समूहले पुन: कर्मचारीतन्त्रलाई प्रभाव पार्न थालिसकेका छन्। पूर्वसचिव एवं प्रशासनविद् शारदाप्रसाद त्रिताल पनि नयाँ सरकारका सुरुवाती दिनमा राम्रोसँग अघि बढेको कर्मचारीतन्त्र पछिल्लो दिनमा सुस्ताउनुलाई 'रहस्यमय' बताउँछन्। पेसागत महासंघका अध्यक्ष पुण्यप्रसाद ढकाल नयाँ पुस्ताको सरकार र नेतृत्वप्रति जनता र कर्मचारीमा ठूलो आशा रहे पनि पाँच महिनाको अवधिमा त्यो निराशामा परिणत हुन थालेको बताउँछन्। 'हामीले सुरुमा पोजेटिभ भएर हेर्यौं, हनिमुन पिरियडसम्म मूल्यांकन नगरौं भन्यौं। तर, मन्त्रालयका सचिवालयहरूमा 'कालोपोके' र निश्चित ब्याचका मान्छेहरूको हालिमुहाली सुरु भएको छ। युवा मन्त्रीहरूलाई सम्मान गर्दागर्दै पनि अनुभवी कर्मचारीमाथि भरोसा गरिएको छैन।'

सरुवामा मनपरी

नयाँ सरकारका पालामा पनि कर्मचारीको भद्रगोल ढंगले सरुवा गरिएको छ। कर्मचारी सरुवामा दलको प्रभाव र ट्रेड युनियनको प्रभाव कम भए पनि स्वार्थ समूहको प्रभाव झनै बढेको छ। आफ्नालाई काखा र अरूलाई पाखा गर्ने परिपाटी फेरि सुरुवात भइसकेको छ। सुरुवातमा केही राम्रा भनिएका कर्मचारीलाई प्राथमिकतामा राखिए पनि विस्तारै पुन: स्वार्थ समूह हाबी हुँदा बेथिति देखिन थालिसकेको छ। प्रणाली बनाएर सरुवा गर्ने विषय नारामा मात्रै सीमित भएको कर्मचारीहरू बताउँछन्। आफ्नालाई काखा, अरू सबै पाखा गरिएको गुनासो बढदै गएको छ। सामान्य प्रशासन मन्त्रालयका प्रवक्ता अधिकारीले सरुवा प्रणालीलाई न्यायोचित बनाउन निश्चित आधारहरू तय गरिएको दाबी गरे। उनले भने, 'सबैलाई पायक चाहिएको छ, सबैलाई केन्द्रमा चाहिएको छ। केन्द्रमा बसेका मान्छेहरूलाई बाहिर र बाहिरकालाई केन्द्रतिर ल्याएका छौं। मान्छेको व्यवस्थापन गर्दा घरभित्रै पनि गुनासो हुन्छ, यो त ठूलो संस्था भयो। त्यसैले निश्चित आधार हेरेर गरिएको छ। सम्बोधन गर्नुपर्ने खालका गुनासाहरू छन् भने हामी सम्बोधन पनि गर्छौं।' मालदार र आकर्षक भनिएका स्थानमा आफू निकटलाई नै राख्ने प्रचलनमा खासै सुधार आएको देखिँदैन।

३०-५५ ले कर्मचारीतन्त्रमा तरंग

सरकारले ठूलो संख्यामा पुराना कर्मचारी कटौती गर्ने उद्देश्यले विधेयकमा (३०-५५) को प्रस्ताव गरेको छ। जसअनुसार ३० वर्षे सेवा अवधि र ५५ वर्ष उमेर पुगेका कर्मचारीलाई सेवाबाट बिदा दिने प्रस्ताव विधेयकमा गरिएको छ। उक्त प्रावधान लागू भए २५ हजार कर्मचारी एकैपटक सेवाबाट बाहिरिनेछन्।

३० वर्ष काम गरेका र ५५ वर्ष उमेर पुगेका कर्मचारीलाई बिदा गर्ने योजनाका साथ भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले विधेयक तयार गरेर सहमतिका लागि कानुन मन्त्रालयमा पठाएपछि कर्मचारीतन्त्रमा खलबली मच्चिएको छ। यो प्रावधान राखेर सामान्य प्रशासन मन्त्रालयले गत जेठ १२ गते कानुन मन्त्रालयमा विधेयक पठाएको थियो।

पूर्वसचिव खेमराज रेग्मी ३०-५५ वर्षे प्रावधान सान्दर्भिक नभएको टिप्पणी गर्छन्। 'कर्मचारीको विश्वास लिएर काम गर्ने बेलामा यस्ता विषय ल्याएर अल्झिनु त्यति सान्दर्भिक हुन्छ जस्तो लाग्दैन,' उनले भने, 'कर्मचारीलाई तर्साउने र धम्क्याउने कार्यले सुशासन कायम हुँदैन।' संघीय निजामती सेवा ऐनका प्रावधानहरूप्रति टिप्पणी गर्दै पेसागत महासंघका अध्यक्ष ढकालले ३० वर्षे सेवा अवधि वा ५५ वर्ष उमेर हदका कारण हजारौं कर्मचारी एकैपटक अवकाशमा जाने र त्यसले राज्यलाई ठूलो वित्तीय भार पार्ने चेतावनी दिए। उनले भने, 'अर्थ मन्त्रालय र कानुन मन्त्रालयमा अघि बढाइएको प्रस्ताव अनुसार ३० र ५५ को प्रावधान लागू भएमा एकैपटक २० देखि २५ हजार कर्मचारी बाहिरिन्छन्। उनीहरूको उपदान, सञ्चयकोष र अन्य सुविधाबापत अर्बौं रुपैयाँ भुक्तानी गर्नुपर्छ। विकास निर्माणमा खर्च गर्नुपर्ने रकम कर्मचारी बिदाइमा सकिन्छ।'

राजीनामा दिनेको लर्को

पछिल्लो समय पदबाट राजीनामा दिने कर्मचारीको संख्या बढेको छ। वैशाखयता मात्रै ३ सय ८२ जनाले राजीनामा दिएका छन्। जसमा विशिष्ट श्रेणीका सचिव ३ जना छन् भने प्रथम श्रेणीका सहसचिव १२ जना पदबाट हटेका छन्। उपसचिव ७० जना, शाखा अधिकृत ६५ र अन्य २ सय ३२ जनाले राजीनामा दिएका छन्। कर्मचारी कटौती र प्रस्तावित ऐनमा रहेको ३०-५५ को प्रावधानका कारण पनि धमाधम राजीनामा दिन थालेको कतिपयको अनुमान छ।

कर्मचारीप्रति सरकारको अविश्वास

वर्तमान सरकारको कर्मचारीतन्त्रप्रति अविश्वास गरेको कर्मचारीहरू गुनासो गर्छन। त्यही भएर प्रत्येक मन्त्रीले ठूलो संख्यामा स्वकीय सचिव राखेका छन्। स्वकीय सचिवको हस्तक्षेपमा हाल मन्त्रालयका कामकारबाही भइरहेका छन्। अख्तियारका पदाधिकारीसम्मलाई बोलाएर केरकार गर्नेदेखि छापा मार्नेसम्मका गतिविधिमा स्वकीयहरू अघि सर्ने गरेका छन्। मन्त्रीले ३ देखि ५ जनासम्म विशिष्ट श्रेणी (सचिवसरह) का सल्लाहकार राखेका छन्। ऊर्जा, पूर्वाधार र कृषिजस्ता ठूला मन्त्रालयले ५ जनासम्म र अन्य मन्त्रालयले ३ जनासम्म सल्लाहकार पाउने व्यवस्था छ। कतिपयले राखिसकेका छन्, कतिपय राख्ने क्रममा छन्। प्रत्येक मन्त्रालयमा ९ जना स्वकीय राख्ने व्यवस्था छ। सचिव र सहसचिवहरू नै मन्त्री तथा वर्तमान सरकार निकटका नेताहरूले कर्मचारीप्रति विश्वास नगरेको बताउँछन्।

पूर्वसचिव शारदाप्रसाद त्रिताल मुख्यसचिव कमजोर हुँदा पनि कर्मचारीतन्त्रको मनोबल घटेको बताउँछन्। 'सल्लाहकार र पीए समूह बलियो भएर आए,' उनले भने। उनका अनुसार पछिल्लो समय सल्लाहकार र पीए बलिया भए, उनीहरूको पेलानमा इमानदार कर्मचारी नै पर्ने हुन्। अर्कोतिर फटाफट निर्णय गर्दा पनि उजुरी पर्छ।

छड्के अनुगमनसमेत सल्लाहकारले गर्न थालेको विषयमा पनि उनले टिप्पणी गरे। 'यस्तो भएपछि इमानदार कर्मचारीले काम नै गर्दैनन्, पछि हट्छन् र विगतका तिनै स्वार्थ समूह जाग्न थाल्छन्,' उनले भने।

पेसागत महासंघमातहत २६ वटा पेसागत घटकहरू रहेको उल्लेख गर्दै ढकालले सरकारले सुधारका सुझावहरूलाई बेवास्ता गर्दै अघि बढे मुलुक पुन: दुर्घटनामा पर्न सक्ने चेतावनी दिए। महासंघले आफ्ना लिखित सुझावहरू सरकारलाई बुझाइसकेको समेत बताए।

संघीय कर्मचारी ऐनमा छलछाम

संघीय निजामती सेवा विधेयकमा विगतदेखि नै चलखेल हुँदै आएको छ। पहिलो पटक २०७५ माघमा संघीय निजामती सेवा विधेयक प्रतिनिधिसभामा दर्ता भएको थियो। तत्कालीन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री लालबाबु पण्डितले दर्ता गराएका थिए। त्यो विधेयकमा लामो समय छलफल भयो। राज्य व्यवस्था समितिमा ६० वटा जति बैठक बसे। त्यो विधेयक समितिबाट पारित पनि गरियो, तर २०७८ मा त्यो विधेयक नै फिर्ता लिने काम भयो।

पछिल्लो समयमा संघीय निजामती विधेयक करिब-करिब अन्तिम अवस्थामा पुगिसकेको थियो। तत्कालीन राज्य व्यवस्था समितिका सभापति रामहरि खतिवडाबाट 'कुलिङ पिरियड'को विषयमा चलखेल भएको थियो, जसका लागि संसदीय समिति नै बन्यो। तर भदौ २४ गतेको घटनासँगै प्रतिनिधिसभा विघटन भएपछि त्यो विधेयक स्वत: निष्क्रिय भयो। वर्तमान सरकारले डेढ महिनाभित्र नै ऐन तर्जुमा गर्ने वाचा गरेको थियो, तर पाँच महिनामा पनि त्यो विधेयक आउने सुरसार छैन। यो संसद् अधिवेशनमा पनि विधेयक दर्ता हुने अवस्था देखिएको छैन। सरकारले अध्यादेशबाट नै फेरि निजामती कर्मचारी ऐन ल्याउन सक्ने अनुमान गर्न थालिएको छ।

पूर्वसचिव त्रिताल अहिले सरकारलाई पनि यति लामो समय लाग्नुमा अचम्म मान्छन्। भन्छन्, 'ऐन आउन ढिला हुनुपर्ने कारण नै छैन, तर पनि किन ढिला भइरहेछ म पनि छक्क परेको छु। हिजो पो युनियन सशक्त थिए, युनियनको दबाब थियो। कर्मचारी यो मेरो, यो तेरो भन्ने थियो, आज त त्यो पनि छैन। फटाफट काम हुनुपर्ने हो, सरकार बनेको एक महिनाभित्रै आउनुपर्ने हो।'

सरकारले ७५३ वटै स्थानीय तहमा कर्मचारी पुऱ्यायो

मन्त्रालयका प्रवक्ता अधिकारीले सबै स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृत पुऱ्याएको बताए। उनले भने, 'इतिहासमै पहिलो पटक सबै स्थानीय तहमा दरबन्दीअनुसार प्रमुख प्रशासकीय अधिकृत खटाइएको छ।' तत्कालीन सामान्य प्रशासनमन्त्री भगवती न्यौपानेले पनि सबै स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृत पठाउने निर्णय गराएकी थिइन्, तर सबै स्थानीय तहमा कर्मचारी गएका थिएनन्।

प्रस्तावित विधेयकमा स्थानीय तहमा देखिएका प्रशासनिक र तालमेलका समस्या समाधान गर्न विशेष व्यवस्था परिकल्पना गरिएको छ। ऐन आएपछि प्रमुख प्रशासकीय अधिकृतमात्र नभई आवश्यकताअनुसार अन्य प्राविधिक तथा प्रशासनिक कर्मचारीसमेत पठाउन सकिने व्यवस्था गर्न लागिएको छ। सहसचिव अधिकारीले भने, 'हामी अहिले सुरुआतको चरणमा छौं। ऐनमा हामीले केही व्यवस्था परिकल्पना गरेर केही विषयहरू राखेका छौं। मूल रूपमा ऐन आइसकेपछि त्यहाँ प्रमुख प्रशासकीय अधिकृतमात्रै होइन, अरू कर्मचारी पनि पठाउन मिल्ने गरी राखेका छौं। इन्जिनियर, लेखा अधिकृत वा प्रदेशका कर्मचारीहरू पनि खटाउन सकिने खालको ढाँचा बनाइएको छ।'

उनले ७ सय ५३ वटै स्थानीय तह र सरकारी निकायहरूमा नयाँ संगठन तथा व्यवस्थापन सर्वेक्षण (ओएन्डएम) को काम अन्तिम चरणमा पुगेको बताए। पूर्वसचिव शारदाप्रसाद त्रिताल कर्मचारीतन्त्रमा सुधार गर्न नीतिगत प्रक्रिया मिलाउनुपर्ने बताउँछन्। उनले भने, 'पहिला नीति स्पष्ट हुनुपऱ्यो, सधैंझैं टालटुले काम गर्नु भएन।'

उनले कर्मचारीतन्त्रलाई सुधार गर्नका लागि वर्तमान सरकारले विज्ञहरूको एउटा शक्तिशाली आयोग, समिति वा कार्यदल बनाउनुपर्ने सुझाव पनि दिए। उनले सेवा प्रवाहमा सरकारले तत्काल हस्तक्षेप गर्नुपर्ने सुझाव पनि दिए। ग्यासको हाहाकार, अस्पतालको लाइनलगायतका विषयमा सरकारले प्रभावकारी काम गर्न सक्ने भए पनि नगरेको उनको भनाइ छ।

पेसागत महासंघ नेपालका अध्यक्ष पुण्यप्रसाद ढकालले वर्तमान सरकारको कार्यशैलीले कर्मचारीको मनोबल घटाउने काम गरिरहेको बताए। उनले सरकारले निजामती प्रशासन र ट्रेड युनियनहरूलाई विश्वासमा लिन नसकेको बताए। निजामती सेवा ऐन जारी नगरी कर्मचारीहरूलाई अस्थिर मनस्थितिमा राख्न खोजिएको पनि उनको भनाइ छ।

अध्यक्ष ढकालले राज्य सञ्चालनका क्रममा सार्वजनिक प्रशासनको भूमिकालाई बेवास्ता गरिएको पनि बताए। उनले भने, 'सार्वजनिक प्रशासन भनेको राज्यको जग हो। तर, सरकारले सबैभन्दा ठूलो प्रहार सार्वजनिक प्रशासन र ट्रेड युनियनमाथि गरिरहेको छ। यो पोखरामा आत्मघाती गोल गरेजस्तै हो, सरकारलाई पछि यसको महसुस हुनेछ।' उनका अनुसार सरकारले न सेना-प्रहरी, न त निजामती सेवाका कर्मचारीहरूलाई नै पूर्ण विश्वासमा लिन सकेको छ।

संसद् स्थगित गरेर त्रासमय वातावरण बनाउने आशंका

संघीय निजामती ऐनलाई संसद्मा पर्याप्त छलफल नगरी वा संसद् छलेर ल्याउने प्रयास भइरहेको छ। दुईवटा संसद् अधिवेशन सकिइसक्दा पनि यो कर्मचारी ऐन आउन सकेको छैन। ढकाल भन्छन्, 'प्रतिनिधिसभाबाट बहुमतले पास भए पनि राष्ट्रियसभामा विधेयक अडकन सक्छ। त्यसैले संसद् अधिवेशन स्थगित गरेर त्रासमय वातावरणमै कर्मचारी प्रशासन चलाउने रणनीतिमा सरकार लागेको विशेष सूत्रबाट जानकारी आएको छ।' अध्यादेशबाट संघीय निजामती ऐन आउने आशंका व्यक्त गरिँदै आएको छ।

तीन महिनादेखि विधेयक कानुन मन्त्रालयमा

संघीय निजामती सेवा विधेयक तीन महिनादेखि कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयमा थन्किएको छ। हाल यो कानुन मन्त्रालयमै विचाराधीन अवस्थामा रहेको छ।

सरकारको १०० कार्यसूचीमा ४५ दिनभित्र संघीय निजामती ऐन तर्जुमा गरिने प्रतिबद्धता गरिएको थियो। सरकार बनेको साढे चार महिना भइसकेको छ भने यो विधेयक थन्किएको पनि तीन महिना हुन लागिसकेको छ।

मन्त्रालयका प्रवक्ता सहसचिव एकदेव अधिकारीले प्रस्तावित विधेयक कानुन मन्त्रालयबाट फिर्ता नआएको बताए। उनले भने, 'हामीले जेठ १२ गते पठाएको हो, त्यहाँदेखि उतै छ। कानुन मन्त्रालयमा हुज्जेलसम्म कानुन मन्त्रालयलाई नै सोध्नुपर्छ। हाम्रोमा आएपछि त हामी बोलिहाल्छौं।' प्रस्तावित ३०-५५ को व्यवस्थालगायतका प्रावधानमा कानुन मन्त्रालयले राय दिन नसकेकाले थन्किएर बसेको हो।

पूर्वसचिव एवं प्रशासनविद् त्रिताल यो प्रावधान राम्रो वा नराम्रो भन्नुभन्दा पनि नयाँ सरकारले ल्याउने कुरा अस्वाभाविक भने नभएको बताउँछन्। 'नयाँ सरकारले यो व्यवस्था ल्याउनु अस्वाभाविक थिएन र सुरुआतका दिनमा भएको भए स्वीकार पनि हुन्थ्यो। पुरानालाई हटाएर नयाँ ल्याउँछु भन्न सक्थे,' उनले भने, 'तर अन्तर्राष्ट्रिय रूपमा कर्मचारीको उमेर हद र सेवा अवधि बढाइरहेको अवस्थामा ३०-५५ को विषय ल्याउनु चाहिँ असान्दर्भिक हो। ठीक पनि होइन।' उनले यो प्रावधान कुनै अध्ययन नगरी ल्याइएकाले विवादमा आएको बताए।

आजको राशिफल

ज्यो. पं. मुकेश काफ्ले

मेष — नयाँ समाचार सुन्न पाइनेछ। आत्मविश्वास बढ्नेछ र प्राय: सबै काम सहज रूपमा सम्पन्न हुनेछन्। आर्थिक लाभको सम्भावना रहेको छ।

वृष — लामो समयदेखि रोकिएका कामहरू पूरा हुनेछन्। परिवारबाट सहयोग प्राप्त हुनेछ। खर्चमा संयम अपनाउनु राम्रो हुनेछ।

मिथुन — व्यापार-व्यवसायमा प्रगति हुने सम्भावना छ। नयाँ साथी तथा सहकर्मीको सहयोगबाट फाइदा मिल्न सक्छ।

कर्कट — मनमा शान्ति छाउनेछ र उत्साह पनि बढ्नेछ। पारिवारिक सम्बन्धमा सुधार आउनेछ। घरपरिवारबाट सुख र सहयोग प्राप्त हुनेछ।

सिंह — कार्यक्षेत्रमा इज्जत तथा मान-सम्मान बढ्नेछ। महत्त्वपूर्ण निर्णय गर्दा राम्रोसँग विचार गर्नुहोस्। सही निर्णयले सफलता दिलाउन सक्छ।

कन्या — आज आर्थिक पक्ष बलियो बन्न सक्छ। नयाँ योजना सुरु गर्न अनुकूल समय रहेको छ। मेहनतले अपेक्षित परिणाम दिलाउनेछ।

तुला — आर्थिक, सामाजिक तथा व्यावसायिक क्षेत्रमा प्रगति हुनेछ। पारिवारिक तथा प्रेम सम्बन्धमा मधुरता आउनेछ। सहकार्यबाट लाभ मिल्नेछ।

वृश्चिक — मेहनतअनुसार राम्रो फल प्राप्त हुनेछ, जसले गर्दा मन प्रसन्न रहनेछ। पुराना समस्या समाधान हुने संकेत रहेको छ।

धनु — विदेशसम्बन्धी काममा प्रगति हुने देखिन्छ। संयमता अपनाउनु आवश्यक हुनेछ। खर्च बढ्न सक्ने भएकाले आर्थिक कारोबारमा सावधानी अपनाउनुहोस्।

मकर — आय-आम्दानीको नयाँ स्रोत फेला पर्न सक्छ। काममा साथी तथा सहकर्मीको सहयोग प्राप्त हुनेछ। नयाँ अवसरको सदुपयोग गर्नुहोस्।

कुम्भ — रोजगार, जागिर तथा व्यवसायमा नयाँ अवसर प्राप्त हुनेछन्। पारिवारिक वातावरण सुखद र सहज रहनेछ। आत्मविश्वासका साथ अघि बढ्नुहोस्।

मीन — आज भाग्यले साथ दिनेछ। धार्मिक कार्यमा रुचि बढ्नेछ र कुनै मांगलिक कार्यमा सहभागी हुने अवसर मिल्न सक्छ। आर्थिक लाभको सम्भावना छ।

मलेसियाद्वारा २५ म्यानपावरलाई मात्रै स्वीकृति

किरण अधिकारी | *काठमाडौं*

मलेसियाले नेपालबाट २५ वटा कम्पनीलाई मात्र कामदार पठाउन पाउने निर्णय गरेपछि म्यानपावर व्यवसायी आन्दोलित भएका छन्। मलेसियाले २५ वटा कम्पनी सूचीकृत गर्दै उनीहरूलाई मात्र नेपाली कामदार पठाउन दिने निर्णय गरेको हो। नेपाली कामदार मलेसिया पठाउन सिन्डिकेट लागू गर्ने प्रयास भइरहेको बेला मलेसियाको मानव संसाधन मन्त्रालयले शनिबार श्रमिक भर्नाका लागि नेपालबाट २५ वटा वैदेशिक रोजगार व्यवसायी संस्था 'फरेन वर्कर सेन्ट्रलाइज्ड म्यानेजम्यानट सिस्टम' (एफडब्लूसीएमएस) मा सूचीकृत गरेको हो।

मलेसियाको मानव संसाधन मन्त्रालयले २०२६ अगस्ट २२ अर्थात् शनिबारदेखि नयाँ व्यवस्था कार्यान्वयनमा ल्याएको जनाएको छ। त्यसैले अब सोही प्रणालीअनुसार सूचीकृत म्यानपावर कम्पनीमार्फत मात्रै नेपाली श्रमिकहरू भर्ना गर्न पाउनेछन्।

मलेसियाली मानव संसाधन मन्त्रालयले रोजगारदाताले एफडब्लूसीएमएसमा सूचीकृत नभएका अन्य म्यानपावर कम्पनीमार्फत विदेशी श्रमिक भर्ना गर्न नपाउने स्पष्ट पारेको छ।

इजाजतपत्र लिएर म्यानपावर सञ्चालन भइरहेका सयौं कम्पनीहरू नयाँ नियम आएसँगै मलेसियासँग जोडिएका कम्पनीहरू खुम्चिएर २५ मा सीमित भएका छन्। २५ कम्पनीलाई मात्रै सूचीकृत गरेपछि म्यानपावर व्यवसायी र नेपाल सरकारले संयुक्त रूपमा आपत्ति जनाएका हुन्।

शनिबार युवा, श्रम तथा रोजगार मन्त्रालयले विज्ञप्ति जारी गर्दै श्रममन्त्री रामजी यादवले नेपालका लागि मलेसियाली राजदूतलाई मन्त्रालय बोलाएर यस विषयमा गम्भीर चासो व्यक्त गरेको जनाएका छन्। विज्ञप्तिमा अनुसार मलेसियाको एफडब्लूसीएमएस पोर्टलमा ' रिक्रुटम्यानट एजेन्सीका रूपमा देखिएका २५ वटा नेपाली वैदेशिक रोजगारी व्यवसायी सूची मान्य नहुने बताएको छ। मलेसियाले २५ संस्थानमार्फत नेपाली श्रमिक पठाउने एकाधिकार वा सिन्डिकेट गर्न लागिएको समाचारप्रति मन्त्रालयको ध्यानाकर्षण भएको मन्त्रालयले जनाएको छ।

मन्त्री रामजी यादवले शनिबार मलेसियाका लागि नेपालका कार्यवाहक राजदूत मोहम्मद फिर्दोस अजमानलाई बोलाएर यस विषयमा छलफल तथा परामर्श गरेका थिए। उक्त छलफलमा श्रम आप्रवासनसम्बन्धी दुई देशबीचका विषय आपसी छलफल, परामर्श र सहमतिका आधारमा मात्रै अगाडि बढाउनुपर्ने विषय मलेसिया सरकारलाई अवगत गराउन अनुरोध गरिएको मन्त्रालयले जनाएको छ। द्विपक्षीय श्रम सम्झौताअनुसार यस्ता विषय संयुक्त प्राविधिक समितिमार्फत छलफल तथा वार्ताबाट टुंग्याउन सकिने विषयमा समेत मलेसियालाई स्मरण गराइएको मन्त्रालयको विज्ञप्तिमा उल्लेख छ। २५ म्यानपावरको सूची सार्वजनिक भएकै दिन परराष्ट्र मन्त्रालयमार्फत मलेसिया सरकारलाई पत्राचार गर्दै विद्यमान प्रणालीलाई नै निरन्तरता दिन अनुरोध गरिएको श्रम मन्त्रालयले जनाएको छ। नेपालको श्रम तथा रोजगारसम्बन्धी नीति, वैदेशिक रोजगार ऐन तथा नियमावली, द्विपक्षीय सन्धि-सम्झौता र अन्तर्राष्ट्रिय कानुनको परिधिभित्र रहेर मात्रै दुई देशबीच सहमति हुनुपर्ने मन्त्रालयले अडान लिएको छ।

- मलेसियाले नेपाली कामदार भर्ना गर्न २५ वटा म्यानपावर कम्पनीलाई मात्रै एफडब्लूसीएमएस प्रणालीमा सूचीकृत गरेको छ।
- नेपाल सरकार र म्यानपावर व्यवसायीले उक्त निर्णयलाई सिन्डिकेटको प्रयास भन्दै आपत्ति जनाएका छन्।
- श्रममन्त्री रामजी यादवले मलेसियाका कार्यवाहक राजदूत सँग छलफल गर्दै निर्णय पुनर्विचार गर्न आग्रह गरेका छन्।

कुन देशबाट कति कम्पनी सूचीकृत भए ?

मलेसियाको सरकारले ल्याएको नयाँ नियमअनुसार नेपालबाट २५ वटा म्यानपावर कम्पनी सूचीकृत भएका छन्। बंगलादेशबाट २५, कम्बोडियाबाट २३, भारतबाट १०, म्यानमारबाट १०, पाकिस्तानबाट १०, फिलिपिन्सबाट ४३५, श्रीलंकाबाट २५८, थाइल्यान्डबाट १ र भियतनामबाट ९१ वटा म्यानपावर कम्पनी सूचीकृत भएका छन्।

अब रोजगारदाता आफैंले दिन सक्ने अनलाइन आवेदन

अबदेखि मलेसिया सरकारले श्रमिक भर्ना प्रणलीलाई पूर्ण रूपमा डिजिटल बनाउने जनाएको छ। मलेसिया जाने श्रमिक यही अगस्ट २२ देखि आफैंले अनलाइन आवेदन दिन पाउनेछन्।

नयाँ श्रमिकको कोटा लिन चाहने रोजगारदाताले रोजगार ऐन, १९५५ को धारा ६० अन्तर्गतको प्रारम्भिक स्वीकृतिका लागि आवेदन दिनुपर्ने छ। मापदण्ड पूरा गरेर आएका निवेदन पेस गरेपछि स्वीकृति प्राप्त गर्न सकिने मन्त्रालयले ननाएको छ। तोकिएका मापदण्ड पूरा गरेर आएका निवेदन १४ दिनभित्र स्वीकृति गर्न सकिने मलेसियाली सरकारले जनाएको छ।

म्यानपावर व्यवसायीको विरोध

सीमित म्यानपावरलाई मात्र प्रवेश दिने व्यवस्था आएपछि नेपाली म्यानपावर व्यवसायीहरूले विरोध सुरु गरेका छन्। वरिष्ठ उपाध्यक्ष महेशकुमार बस्नेतका अनुसार खुल्ला बजारमा खुल्ला प्रतिस्पर्धा हुनुपर्ने र खुल्ला वातावरण सिर्जना हुनुपर्ने माग गरेका छन्। वैदेशिक रोजगारमा पहिलादेखि नै खुल्ला प्रतिस्पर्धा गराउने प्रयास भएको पनि उनले बताए। 'हामीले पटकपटक यस विषयमा ध्यानाकर्षण गराउँदै आएका छौं, तर त्यसका बाबजुद पनि २५ वटा म्यानपावरलाई मात्र प्रणालीमा सूचीकृत गरेपछि हामीले विरोध जनाएका हौं,' उनले भने।

त्यस्तै, आजैमात्र स्वीकृत पाएका ६ म्यानपावरमा तालासमेत लगाएको उनको भनाइ छ। सरकार र आफूहरूले बारम्बार यस विषयमा ध्यानाकर्षण गराउँदै आए पनि मलेसियाको निर्णयमा स्वीकृत प्राप्त कतिपय म्यानपावर कम्पनीहरूले आर्थिक लेनदेन गरेको हुन सक्नेसमेत उनको आरोप छ। जबसम्म बजारमा एकाधिकार ल्याने प्रयासलाई छाडेर खुल्ला बजार हुँदैन तवसम्म विरोध जनाउने उनको भनाइ छ।

'कुनै व्यक्ति वा समूहलाई मात्रै लाभ पुग्ने गरी सिन्डिकेट कायम गर्ने, अन्य व्यवसायीलाई व्यवसायबाट विस्थापित गर्ने वा सीमित व्यवसायीको नियन्त्रणमा रोजगारीका अवसर केन्द्रित गर्ने प्रयास स्वीकार्य हुँदैन,' उनले भने।

यी हुन् सूचीकृत २५ म्यानपावर

मलेसियाको प्रणालीमा सूचीकृत नेपाली म्यानपावरमध्ये केहीले विगतमा ठूलो संख्यामा श्रमिक मलेसिया पठाउँदै आइरहेका छन्। सूचीका २५ म्यानपावरहरूमा फ्रन्टलाइन रिक्युटम्यानट प्रालि, लालधनुष इन्टरनेसनल सर्भिस प्रालि, नेपाल प्लेसम्यानट एजेन्सी, द रिभर ओभरसिज प्रालि, एसिया लिंक सर्भिसेज, मोन्टेज ओभरसिज, नेपाल एचआर सोलुसन, स्काई पावर इन्टरनेसनल सर्भिस, ट्रस्ट नेपाल ओभरसिज, एक्सेस पार्टनर्स, ह्वाइट हर्स इन्टरनेसनल, ट्रेन्स एसिया इन्टिग्रेटेड सर्भिसेस र बीएम ओभरसिज रहेका छन्।

त्यस्तै, इन्डो अबर म्यानपावर, संयोग ओभरसिज, ट्यालेन्ट ओभरसिज सर्भिसेस, वाइड स्पेस इन्टरनेसनल, खोजी रिक्रुटम्यानट सर्भिसेस, एएनएस एसोसिएट्स, अल-हायात म्यानेजम्यानट सिस्टम, अल स्किल्स इन्टरनेसनल ह्युमन रिसोर्स, बिलिभेबल ओभरसिज, डी स्क्वायर्ड ग्रुप, डी.डी. ह्युमन रिसोर्स र पारामाउन्ट इम्प्लोइम्यानट कन्सल्टेन्सी पनि सूचीमा समावेश गरिएको छ।

तीनबुँदे सहमतिपछि गरियो गरिमाको अन्त्येष्टि

दिवाकर भण्डारी | *सिमरा*

सरकारसँग तीनबुँदे सहमति भएसँगै बलात्कारपछि हत्या गरिएकी बारा जितपुरसिमरा-१ दसधुरेकी तीन वर्षीया बालिका गरिमा चौधरीको आइतबार दिउँसो अन्त्येष्टि गरिएको छ। कलैया उपमहानगरपालिका-१४ बघवनस्थित पसाहा नदीकिनारमा गरिमाको अन्त्येष्टि गरिएको हो।

गरिमालाई बुवा मनोजले धार्मिक परम्पराअनुसार दागबत्ती दिएका थिए। कलैया अस्पतालमा राखिएको गरिमाको शव मनोजले बुझेपछि अन्तिम संस्कारका लागि पसाहा नदी लगिएको थियो। शल्यपरीक्षणपश्चात् गरिमाको शव मंगलबार रातिदेखि कलैया अस्पतालमा थियो।

काठमाडौंबाट सहमति गरेर फर्किएलगत्तै मनोजलाई प्रहरीले कलैयासम्म लगेर शव बुझ्ने र अन्तिम संस्कार गर्ने व्यवस्था मिलाएको हो। गरिमाको अन्तिम संस्कारमा बाराका प्रमुख जिल्ला अधिकारी धर्मेन्द्रकुमार मि श्र, प्रहरी उपरीक्षक नरेन्द्र कुँवर, नेपाली सेनाका प्रमुख सेनानी गिरीराज गौतम, सशस्त्र प्रहरी उपरीक्षक विशाल सिलवाल, राष्ट्रिय अनुसन्धान विभागका उप-अनुसन्धान निर्देशक सरोज निरौला, इलाका प्रहरी कार्यालय सिमराका प्रहरी नायब उपरीक्षक दयाकृष्ण भट्टसहित परिवारका सदस्य र स्थानीय उपस्थित थिए।

सरकारसँग तीनबुँदे सहमति भएपछि बालिकाको परिवार शव बुझेर अन्तिम संस्कार गर्न राजी भएका हुन्। गृह मन्त्रालयमा शनिबार राति भएको छलफलमा जघन्य आपराधिक घटनाको सम्बन्धमा विद्यमान कानुनमा भएको कसुर र सजायको व्यवस्था पुनरावलोकन गरी कानुन तर्जुमाका लागि सुझावसहितको प्रतिवेदन सात दिनभित्र पेस गर्न कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयबाट सात सदस्यीय 'गरिमा न्याय संकल्प समिति' गठन गर्ने, गरिमाको सालिक निर्माण गर्न पूर्वाधार विकास मन्त्रालयले स्थानीय तहसँग समन्वय गरी पहल गर्ने र गरिमाको अन्तिम संस्कार गर्ने सहमति भएको थियो।

उक्त सहमतिपछि बुधबार बिहान ११ बजेदेखि अवरुद्ध पारिएको पथलैया-वीरगन्ज सडकखण्ड शनिबार रातिदेखि सुचारु भएको छ। मृतकलाई फाँसीको सजायको माग राख्दै पीडित परिवार र स्थानीयले सडकमा प्रदर्शन गर्दा उक्त सडकखण्ड पूर्णरूपमा अवरुद्ध बनेको थियो।

साउन ३१ गते बिहान करिब ८:३० हराएकी गरिमाको शव तीन दिनपछि घरदेखि करिब डेढ सय मिटर दक्षिणतर्फको खाली घरमा अर्धनग्न अवस्थामा भेटिएको थियो। घटनाको अनुसन्धानका लागि प्रहरीले जितपुरसिमरा-२ का १६ वर्षीय एक बालक, जितपुरसिमरा-१ का २४ वर्षीय प्रोग्रेस चौधरी, उनका परिवारका सदस्यसहित ६ जनालाई नियन्त्रणमा लिएको छ।

चौधरी म्याजिक गाडीका चालक र १६ वर्षीय बालक सहचालक हुन्। चौधरीको घरमा खेल्न गएका बेला बालिका बेपत्ता भएकी थिइन्। पत्राउ परेकामध्ये १६ वर्षीय बालकले गरिमालाई आफूले बलात्कार र हत्या गरेको स्वीकार गरिसकेका छन्। बालिकालाई चकलेट खुवाएर शव भेटिएकै स्थानमा बलात्कार गरी डोरीले घाँटी कसेर हत्या गरेको बालकको बयानमा उल्लेख छ।

पीडित परिवारले घटनामा बालकसँगै प्रोग्रेसको परिवारको समेत संलग्नता रहेको आरोप लगाउँदै आएका छन्। प्रहरीले बालकसहित प्रोग्रेसको परिवारका सदस्यलाई नियन्त्रणमा लिएर अनुसन्धान गरिरहेको छ। पीडित परिवारको किटानी जाहेरीपछि प्रहरीले शनिबार प्रोग्रेसको घरमा खोजतलाससमेत गरेको थियो।

बितेको ३५ वर्षको हिसाब माग्ने होइन, आगामी ३५ वर्षको योजना ल्याउनुहोस् : लामिछाने

काठमाडौं (अन्नपूर्ण) : राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले ३५ वर्षको हिसाब मागेर नबस्न कार्यकर्तालाई आग्रह गरेका छन्। 'नीति, संगठन र नेतृत्व'सम्बन्धी दुई दिने कार्यशालालाई सम्बोधन गर्दै उनले ३५ वर्षको योजना ल्याउन सांसद र नेता कार्यकर्तालाई आग्रह गरेका हुन्।

'अब ३५ वर्षको हिसाब माग्ने होइन साथी हो। ३५ वर्षको योजना ल्याउनुहोस्।' लामिछानेले भने, 'अबको बितेको ३५ वर्षका लागि उहाँहरूलाई कचकच गर्ने ठाउँमा छैनौं। जति गरे धन्यवाद। अबको ३५ वर्ष कस्तो बनाउन हाम्रो हातमा छ नि।' उनले देशका संरचनाले आफ्नो काम गर्ने उनले बताए।

लामिछानेले भने नेतृत्व चुनाव केन्द्रित, नेता चुनाव र मत केन्द्रित हुँदा त्यसको प्रभाव समाजमा पर्ने धारणा राखे। उनले आफूले हाँसीहाँसी किस्तीमा उपहार पाएको प्रधानमन्त्री पद छाडेको स्मरण गराउँदै आवश्यक पर्दा नेता कार्यकर्तालाई पद त्याग गर्न तयार रहनुपर्ने बताए।

लामिछानेले आफूलाई २१ सिटको दलको नेताको रूपमा प्रधानमन्त्री बन्नका निम्ति प्रस्ताव आएको दोहोऱ्याए। अब हाम्रो नेतृत्वबाट नागरिकले के पाउँदैछन् ख्याल गर्नुपर्ने धारणा राखे। उनले लडिएछ भने फेरि दौडिएर अगाडि बढ्ने जनताको सेवामा लाग्ने प्रतिबद्धता व्यक्त गरे।

हिमालयन बैंक लिमिटेडको धितोमा रहेको चल अचल सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्रीको १५ दिने सूचना!

तपसिलमा उल्लेखित ऋणीले यस बैंकबाट विभिन्न कर्जा शिर्षक अन्तर्गत लिनुभएको ऋणको यस बैंकसंग गरेको सम्झौता बमोजिम समय समयमा तिर्न बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दैदस्तुर आदि चुक्ता भुक्तान गर्न पटक पटक मौखिक तथा लिखित तरताकेता गरिएको एवं बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ ले दिएको अधिकार प्रयोग गरी विभिन्न मितिमा राष्ट्रिय दैनिकमा ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरी ऋण चुक्ता गर्न आउन सूचित गर्दा समेत ऋण चुक्ता गर्न नआउनु भएकोले, बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिल बमोजिमको चल अचल सम्पति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्र मार्फत बिक्री गरिने भएको हँदा लिन इच्छुक व्यक्ति/फर्म/कम्पनी/संस्थाहरुलाई बैंकबाट प्राप्त हुने बोलपत्र फारम रितपुर्वक भरी बोलपत्रमा उल्लेखित शर्त बन्देजहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र बैंकको तपसिलमा उल्लेखित स्थानमा प्राप्त हुने गरी गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिन्छ । साथै ऋणी, व्यक्ति, फर्म, कम्पनी, सोका प्रोप्राइटर, संचालक, व्यक्तिगत जमानतकर्ता तथा संस्थागत जमानीकर्ता एवं सम्बद्ध सबैलाई धितो दिएको सम्पति लिलाम बिक्री हुने व्यहोरा यसै सुचनाद्वारा सूचित गरिन्छ । प्रकाशित सूचनाको म्यादभित्र ऋणी, व्यक्ति, फर्म, कम्पनी, सोका प्रोप्राइटर, संचालक, व्यक्तिगत तथा संस्थागत जमानतकर्ताले ऋण चुक्ता गर्न नआए धितो लिलामीको प्रक्रिया अगाडि बढाइनेछ। बोलपत्र खोलिने दिन ऋणी, बोलपत्रदाता उपस्थित नभए पनि बोलपत्र खोली धितो लिलाम बिक्रीको प्रक्रिया अगाडि बढाउन कुनै बाधा पर्ने छैन। साथै बोलपत्र प्राप्त भई वा नभई धितोको सम्पति लिलाम बिक्री हुन नसकेमा प्रचलित कानुनको अधिनमा रही बैंकले धितोको सम्पति गैर बैंकिङ्ग सम्पतिको रुपमा सकार गरिलिन सक्ने व्यहोरा समेत जानकारी गराईन्छ। धितोको सम्पति लिलाम भई वा नभई वा गैर बैंकिङ्ग सम्पतिको रुपमा सकार भई वा नभई बैंकको लेना रकम असुल उपर हुन नसके बाँकी रहेको रकम बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तिय संस्थाको ऋण असुली ऐन, २०५८ तथा अन्य प्रचलित नेपाल कानुन बमोजिम असुलीको कारबाही अगाडी बढाउने व्यहोरा समेत पूर्वजानकारीको लागि सूचित गरिन्छ।

तपसिल

ऋणीको नाम	धितो विवरण
शाखा कार्यालय: कलंकी शाखा, काठमाण्डौ	
कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता नं. २७४२५९/०७८/०७९ कायम भई मिति २०७८/०६/१७ मा दर्ता भएको **ग्रोड लिंक नेटवर्क एण्ड कम्यूनिकेशन पब्लिक लिमिटेड (ऋणी)** संचालक तथा व्यक्तिगत जमानी दिने: **विनोद तिमल्सिना (शर्मा), रक्तचन्द्र मानन्धर र यज्ञ प्रसाद सिग्देल** **यसअघि प्रकाशित सूचना**: मिति २०८२।०७।०३ को कारोबार राष्ट्रिय दैनिकमा ३५ दिने सार्वजनिक सूचना । मिति २०८२।०८।०४ को नयाँ पत्रिका राष्ट्रिय दैनिकमा १५ दिने धितो लिलाम बिक्रीको सूचना । मिति २०८२।१२।०९ को आर्थिक अभियान राष्ट्रिय दैनिकमा ७ दिने धितो लिलाम बिक्रीको सूचना । मिति २०८२।१२।१९ को अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिकमा १५ दिने धितो लिलाम बिक्रीको सूचना ।	१. **ऋणी ग्रोड लिंक नेटवर्क एण्ड कम्युनिकेशन पब्लिक लिमिटेडको** नाममा दर्ता कायम रहेको ललितपुर जिल्ला ललितपुर उप म.न.पा. वडा नं. २घ (हाल परिवर्तित ललितपुर म.न.पा. वडा नं. २) स्थित कित्ता नं. ११६० को क्षेत्रफल ०-०-२-३(घर), कित्ता नं. ९३९ को क्षेत्रफल ०-७-२-२, कित्ता नं. ११६३ को क्षेत्रफल ०-६-१-२ (घर), कित्ता नं. ९३८ को क्षेत्रफल ०-३-१-१ र कित्ता नं. ५६६ को क्षेत्रफल ०-१-०-० (रोपनी) जग्गा समेत । २. दिवाकर तिमल्सिनाको नाति रुद्र प्रसाद तिमल्सिनाको छोरा ललितपुर जिल्ला गोठीखेल गा.वि.स. वडा नं. ७ (हाल परिवर्तित ललितपुर म.न.पा. वडा नं. १०) बस्ने **श्याम प्रसाद तिमल्सिनाको** नाममा दर्ता कायम रहेको ललितपुर जिल्ला ललितपुर उप म.न.पा. वडा नं. १घ (हाल परिवर्तित ललितपुर म.न.पा. वडा नं. १) स्थित कित्ता नं. ८७४ को क्षेत्रफल ०-७-२-२ (घर) र कित्ता नं. ८७३ को क्षेत्रफल ०-४-२-३ (रोपनी) जग्गा समेत ।

बोलपत्रका शर्तहरू :

१. बोलपत्र फारम यस बैंकको तपसिलमा उल्लेखित शाखाबाट, कार्यालय समयभित्र खरिद गरी लिन सकिनेछ ।
२. बोलपत्र सम्बन्धी शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ ।

बोलपत्र पेश गर्ने अन्तिम मिति र समय	बोलपत्र खोलिने मिति र समय	बोलपत्र पेश गर्ने स्थान	बोलपत्र खोलिने स्थान
२०८३/०५/२२ कार्यालय समय सम्म	२०८३/०५/२४ अपरान्ह २:०० बजे	कलंकी शाखा कार्यालय, काठमाण्डौं	कलंकी शाखा कार्यालय, काठमाण्डौं

HBL हिमालयन बैंक लिमिटेड Himalayan Bank Ltd.

हिमालयन बैंक लि. केन्द्रीय कार्यालय
कर्जा असुली विभाग, कमलादी, काठमाडौं
फोन नं. ०१-४१६५१५०, पो.ब.नं. २०५५० काठमाडौं

मेरोमाइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि.
MEROMICROFINANCE LAGHUBITTA BITTIYA SANSTHA LTD.
नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त संस्था (राष्ट्रिय स्तरको कार्यक्षेत्र भएको)
केन्द्रीय कार्यालय: बिदुर-४, बट्टार, नुवाकोट

मेरोमाइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेडको ऋण कर्जा चुक्ता गर्ने तथा धितोमा रहेको चल/अचल सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्रीको ७ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित मिति २०८३/०५/०८)

यस वित्तीय संस्थाको शाखा कार्यालय **धनुषाधामबाट** तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नुभएको कर्जाको सावाँ, ब्याज तोकिएको म्यादमा चुक्ता नगर्नु भएको र यस अघि पनि मौखिक तथा लिखित रुपबाट कर्जा चुक्ता गर्नको लागि अनुरोध गर्दा पनि कर्जाको सावाँ-ब्याज, हर्जाना तथा अन्य दस्तुर समेत चुक्ता भुक्तान नगरी शर्त कबुलियतको उल्लंघन गर्नु भएकोले उल्लिखित ऋणीको नाउँमा बक्यौता ऋण कर्जा चुक्ता भुक्तान गर्न यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। तसर्थ, यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस वित्तीय संस्थामा सम्पर्क राखी आफूले लिएको कर्जाको सम्पूर्ण साँवा, ब्याज, थप ब्याज, अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्नुहोला । साथै धितो बन्धक लेखिदिने तथा व्यक्तिगत जमानी दिनुहुने तपसिलमा उल्लेखित व्यक्तिहरुलाई समेत उपरोक्त व्यहोरा जानकारी गराउँदै यथाशीघ्र कर्जा भुक्तानी गर्न गराउनहुन विशेष अनुरोध गरिएको छ। उक्त म्यादभित्र पनि कर्जा चुक्ता नगरेमा ऋणी, शेयरधनी, सञ्चालक, प्रोप्राईटर, साझेदार, धितो/जमानी दिनेलाई कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गरिने तथा धितो सुरक्षणको रुपमा धनी वित्तीय संस्थालाई लेखी/लेखाई दिएको तपसिल बमोजिमको सम्पत्ति जहाँ जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ८ औं दिनमा वा सो पश्चात निम्न मिति, समय र स्थानमा प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरी वित्तीय संस्थाको नियमानुसार कर्जा असुलीको लागि लिलामद्वारा बिक्री गरिने व्यहोरा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

उक्त सम्पत्ति खरिद गरी लिन इच्छुक व्यक्ति तथा संस्थाहरुले शिलबन्दी बोलपत्रमा उल्लेखित शर्तहरुको अधीनमा रही यस वित्तीय संस्थाबाट प्राप्त हुने गोप्य शिलबन्दी बोलपत्र फाराम रितपूर्वक भरी पेश गर्नहुन यसै सूचनाद्वारा आह्वान गरिन्छ। बोलपत्र पेश गर्ने तथा यस वित्तीय संस्था समक्ष प्राप्त हुन आएका बोलपत्रहरु खोल्नको लागि तपसिलमा उल्लेखित मिति, समय र स्थान तोकिएको हुँदा सोही स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलपत्रवाला वा निजको आधिकारिक प्रतिनिधि, ऋणी, शेयरधनी, सञ्चालक, प्रोप्राइटर, साझेदार, धितो/जमानी दिने तथा सम्बद्ध सबैलाई यसै सूचनाद्वारा सूचित गरिएको छ।

तपसिल :

ऋणीको विवरण	जमानी दिनेको विवरण	धितोको विवरण
१. अजोधी यादवको बुहारी, प्रभुनाथ यादवको पत्नी धनुषा जिल्ला, कजरारमौल गा.पा/न.पा., वडा नं. ७ स्थायी वतन भई सबैला-११ बस्ने ना.प्र.प.नं. ५२२४२९९५ को जारी मिति २०४४/१०/२९ (जि.प्र.का धनुषा) रहेको **श्रीमती सुलोचना यादब** ।	१. जिवछ यादवको नाति, अजोधी यादवको छोरा धनुषा जिल्ला, कजरारमौल गा.पा/न.पा., वडा नं. ७ स्थायी वतन भई सबैला-११ बस्ने ना.प्र.प.नं. ४३१८३०२९को जारी मिति २०४४/०९/१६ (जि.प्र.का. धनुषा) रहेको **श्री प्रभुनाथ यादब** ।	१.**श्रीमती सुलोचना यादब**को नाममा मालपोत कार्यालय जनकपुरधाम धनुषामा दर्ता रहेको धनुषा जिल्ला,मखनाहा गा.वि.स./न.पा., वडा नं. ३ को कित्ता न ६४ को ३८५.२० को वर्ग मि./क्षेत्रफल ०-१-११-० को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

पुनश्च : उल्लिखित धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा वित्तीय संस्था आफैले सकार गर्दा साविकमा वित्तीय संस्थाबाट भएको मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा उक्त सम्पत्तिको उचित मूल्य प्राप्त नभै कम मूल्यमा लिलाम बिक्री भयो वा वित्तीय संस्था आफैंले सकार गरिलियो भने कहीं कतै उजुरबाजुर गर्न पाउनु हुने छैन ।

बोलपत्र पेश गर्ने अन्तिम मिति र समय : २०८३ साल भाद्र १४ गते आइतबार कार्यालय समयसम्म ।
बोलपत्र खोलिने मिति र समय : २०८३ साल भाद्र १६ गते मंगलबार दिनको १२:०० बजे ।
बोलपत्र पेश गर्ने/खोलिने स्थान : (बोलपत्र पेश गर्दा सिलबन्दी खाममा कित्ता नं. अनिवार्य उल्लेख गर्नुहोला ।)

मेरोमाइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड | शाखा कार्यालय : धनुषाधाम ।

सम्पादकीय

महँगीको मार, मौन सिंहदरबार

अर्थशास्त्रको सामान्य सिद्धान्तअनुसार माग बढ्दा वा आपूर्ति घट्दा महँगी स्वत: बढ्छ। यो खुला बजार अर्थनीतिको आधारभूत नियम हो। तर, हाल नेपालमा उपभोग्य वस्तुहरूमा जसरी अस्वाभाविक मूल्यवृद्धि भइरहेको छ, त्यसमा यो सिद्धान्त लागू भएको देखिँदैन। बजारमा न कुनै वस्तुको आयात वा आपूर्तिमा कमी छ, न त माग नै ह्वात्तै बढेको छ; यद्यपि महँगी भने चरम उत्कर्षमा छ। दैनिक घरायसी उपभोग्य वस्तुअन्तर्गत चामलको भाउ बोरामै उल्लेख्य बढेको छ भने चिनी प्रतिकिलो १५ रुपैयाँ महँगिएको छ। घिउ, तेल, दाल, जिरा, धनियाँलगायत धेरै वस्तुको मूल्य अचाक्ली बढेको छ। नयाँ सरकार गठनयता मूल्यसूची निरन्तर उकालो लागिरहेको देखिन्छ। २०८२ चैत १ देखि २०८३ भदौ १ गतेसम्मको ५ महिनामा काठमाडौं उपत्यकालगायत देशैभरि खाद्यान्न र खाना पकाउने ग्यासको मूल्यमा अस्वाभाविक वृद्धि भएको छ।

राजनीतिक अस्थिरता, बाह्य हस्तक्षेप वा अन्तर्राष्ट्रिय बजारमा हुने उथलपुथल महँगी बढ्ने अन्य महत्त्वपूर्ण कारण हुन्। तर, अहिले यीमध्ये कुनै पनि कारक तत्त्व विद्यमान छैनन्। झन्डै दुईतिहाइ बहुमतको सरकार गठन भई राजनीतिक स्थिरताको वातावरण बन्दासमेत महँगी बढ्नु राज्यको चरम कमजोरी हो। राज्यले बजारलाई प्रतिस्पर्धात्मक बनाउनुको साटो बिना कुनै नियमन निष्फिक्री चल्न छाडिदिएको छ। खाद्यवस्तुको मूल्य र गुणस्तर नियमन तथा बजार अनुगमन गर्ने मुख्य दायित्व बोकेका स्थानीय सरकारहरू मूकदर्शक बनेका छन् भने संघीय सरकारले पनि आँखा चिम्लिएको छ। यही मौकामा बजारमा बिचौलियाहरूको भने राज चलेको छ। किसानसँग सस्तोमा किनेर बजारमा जबरजस्ती महँगोमा बेच्ने र कृत्रिम अभाव सिर्जना गर्ने काम बिचौलियाहरूले निर्बाध रूपमा गरिरहेका छन्। नेपालमा चाडबाडको मौसम सुरु हुनेबित्तिकै महँगी बढ्ने आम प्रवृत्ति छ। नागपञ्चमीपछि चाडबाड सुरु भएको मानिए पनि यसपालि भने त्यसअघिदेखि नै महँगीले बजारलाई गाँजिसकेको थियो।

खुला बजार अर्थतन्त्रका प्रमुख व्याख्याता एडम स्मिथ स्वयंले बजारमा 'अदृश्य शक्ति'ले मूल्य निर्धारण गर्न सक्ने भन्दै सचेत गराएका थिए। स्मिथको भनाइको मर्म 'खुला बजारमा पनि अदृश्य चलखेल हुन सक्ने भएकाले राज्यले नियमन गर्नुपर्छ' भन्ने थियो; तर हामी भने सबैथोक बजारले नै नियन्त्रण गर्छ भन्ने मानेर 'ढुक्क' हुने अवस्थामा छौं। मूलत: देशको अर्थतन्त्र नै 'बिचौलिया अर्थतन्त्र' अर्थात् सामान ल्याउने र बेच्ने व्यापारमा मात्र सीमित भएको छ। हाम्रो अर्थतन्त्र उत्पादनमुखी नभएका कारण बिचौलियाले चाहेको बेला अभाव सिर्जना हुने र मूल्य उचालिने अवस्था छ। यहींनेर राज्यको बलियो उपस्थिति आवश्यक पर्छ। कालोबजारी रोक्ने जिम्मेवारी स्थानीय सरकारको मात्र होइन, संघ सरकारअन्तर्गतको वाणिज्य विभागको पनि हो। आयातको विन्दुदेखि नै हुने गडबढीलाई नियमन गर्नु स्थानीय सरकारको काबुबाहिरको कुरा भएकाले संघीय इकाइहरू नै सक्रिय हुनुपर्छ। एकातिर अर्थतन्त्र शिथिल भएर सर्वसाधारणको आम्दानीमा ह्रास आएको छ भने अर्कोतिर शक्तिशाली सरकारकै पालामा खुलमखुला बजारमूल्य आकासिँदा संघ सरकार टुलुटुलु हेरेर बस्न सुहाउँदैन। सरकारले आफ्ना निकायहरू तत्काल परिचालित गरी अनुगमनलाई तीव्रता दिनुपर्छ र बजारलाई स्वच्छ तथा पारदर्शी बनाउनुपर्छ। ठूलठूला पूर्वाधारको विकास गर्नुभन्दा पहिला नागरिकको गाँस, बास र कपासको उचित प्रबन्ध गर्दै उनीहरूको जीवनयापन सहज बनाउनु नै सरकारको प्रमुख दायित्व हो।

समृद्धिको आधार रैथाने सीप

जुन हातले नेपाल निर्माण गरे, ती हातलाई अब संरक्षणको निरीह पात्र होइन, सिंगो राष्ट्र समृद्धिका निर्माता बनाउनुपर्छ।

डीबी नेपाली दमु

अग्रमत



नेपालका रैथाने शिल्पी तथा श्रमिक समुदाय परम्परागत पेसा, सीपकला, ज्ञान, प्रविधि र संस्कृतिका मियो हुन्। यसको संरक्षण तथा विकासका लागि तयार भइरहेको 'दलितको अधिकार तथा विकाससम्बन्धी विधेयक, २०८३' एउटा महत्त्वपूर्ण कानुनी पहल हो। संविधानको धारा ४० ले दलितको शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा, प्रतिनिधित्व, भूमि र आवासको हक सुनिश्चित गरेको छ। सोही धारामा परम्परागत पेसा, ज्ञान, सीप र प्रविधिको प्रयोग, संरक्षण र विकास गर्ने अधिकार पनि सुरक्षित गरिएको छ। प्रस्तुत विधेयक त्यसै संवैधानिक व्यवस्थालाई कार्यान्वयन गर्ने प्रयासका रूपमा आएको देखिन्छ। यो टिप्पणी विधेयकका २५ पृष्ठमा समेटिएका ६९ दफाको समग्र अध्ययनमा आधारित छ।

> देशकै समृद्धिसँग गाँसिएको विधेयकलाई ओझेलमा पारिनु दुःखद् कुरा हो। यो एउटा महत्वपूर्ण सुरुवात हो, तर यसको लक्ष्य सुविधा वितरणमा मात्र सीमित हुनु हुँदैन। शिल्पी समुदायको श्रम, सीपकला, ज्ञान र संस्कृतिलाई सम्मानित शक्ति र आर्थिक पुँजीमा रूपान्तरण गर्नुपर्छ।

विधेयकको उद्देश्य शिल्पी समुदायको अधिकार संरक्षणसँगै सामाजिक र आर्थिक रूपान्तरणतर्फ उन्मुख देखिन्छ। विशेषत: परम्परागत ज्ञान, सीप, प्रविधि र कलालाई केवल जीविकोपार्जनको साधन मात्र नबनाई यसलाई सम्मानित पेसा, उद्यम र समृद्धिको आधार बनाउन सक्ने सम्भावना यसको महत्त्वपूर्ण पक्ष हो। समुदायको सीपकलालाई उत्पादनशील सम्पत्ति र समृद्धिको आधारमा रूपान्तरण गर्ने दीर्घकालीन प्रभावकारितामै यस विधेयकको सफलता निर्भर हुनेछ। अधिकारदेखि आत्मनिर्भरतासम्म विधेयकको उद्देश्य शिल्पी समुदायको अधिकार संरक्षण, विकास, सशक्तीकरण र राज्यसंयन्त्रमा पहुँच सुनिश्चित गर्नु हो।

अधिकारको वास्तविक अर्थ जीवनमा प्रत्यक्ष परिवर्तन ल्याएपछि मात्र स्थापित हुन्छ। शिल्पी समुदायले पुस्तौंदेखि समाजका लागि आवश्यक उत्पादन र सेवाको आधार तयार गर्दै आएको छ। फलाम, सुनचाँदी, काठ, धातु, छाला, माटो, कपडा, बाजागाजा, निर्माणकला तथा कृषि औजारसम्बन्धी ज्ञान केवल श्रम होइन। यो प्राकृतिक अनुभवबाट खारिएको जीवित प्रविधि र सांस्कृतिक सम्पदा हो। विडम्बना, जसको सीपले समाज निर्माण गऱ्यो, त्यही सीप र पेसालाई सामाजिक रूपमा हीन ठानियो। कानुनले यो दृष्टिकोण बदल्नैपर्छ। परम्परागत पेसा गरिबीको परिचय होइन; यो आदिमवासी ज्ञान र उत्पादन सम्पत्ति हो भन्ने मान्यता स्थापित गर्नुपर्छ।

संरक्षण होइन, पुनर्जागरण विधेयकले रैथाने पेसा, व्यवसाय, ज्ञान, सीपकला र प्रविधिको पहिचान गरेको छ। यसले त्यस्ता सीपको अभिलेखीकरण र सम्बन्धित समुदायको अग्राधिकारको व्यवस्था गरेको छ। तर, संरक्षणमात्र पर्याप्त हुँदैन। अभिलेख तयार गरेर वा संग्रहालयमा राखेर सीप जीवित रहँदैन। सीप प्रयोग र उत्पादनमा बदलिनुपर्छ, बजारमा पुग्नुपर्छ र त्यसबाट शिल्पीको जीवनस्तर उकासिनुपर्छ। संरक्षणसँगै पुनर्जागरण आवश्यक छ। परम्परागत ज्ञानलाई आधुनिक विज्ञान र प्रविधिसँग जोड्ने नीति चाहिन्छ। पुराना उत्पादनमा नयाँ डिजाइन प्रयोग गर्नुपर्छ। गुणस्तर सुधार गरी नयाँ पुस्तालाई आकर्षित गर्दै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा पुऱ्याउनुपर्छ। पुर्खाको उत्पादन जस्ताको तस्तै राख्नु संरक्षण हुन सक्छ, तर त्यस्तो ज्ञानलाई आधुनिक प्रविधिसँग जोडेर नयाँ उत्पादन निर्माण गर्नु चाहिँ पुनर्जागरण हो।

आनुवंशिक ज्ञानको स्वामित्व विधेयकले परम्परागत रैथाने पेसा, ज्ञान, सीपकला र प्रविधिलाई महत्त्व दिएको छ। साथै, प्रचलित कानुनबमोजिम यसलाई बौद्धिक सम्पत्तिका रूपमा संरक्षण गर्न सकिने व्यवस्था गरेको छ। यद्यपि, यो व्यवस्था अझ स्पष्ट हुनुपर्छ। परम्परागत ज्ञान प्राय: कुनै एक व्यक्तिको आविष्कार होइन; त्यो पुस्तौंदेखि समुदायभित्र विकसित भएको सामूहिक आनुवंशिक ज्ञान प्रणाली हो। व्यक्तिगत बौद्धिक सम्पत्तिले मात्र यसको संरक्षण गर्न सक्दैन। कुनै समुदायको मौलिक डिजाइन, प्रविधि, कलाशैली वा उत्पादनलाई बाहिरी व्यक्ति वा कम्पनीले व्यावसायिक रूपमा प्रयोग गर्दा हुने लाभको बाँडफाँटबारे विधेयक मौन छ। यसमा सम्बन्धित समुदायको अधिकार सुनिश्चित गर्ने कुरा स्पष्ट हुनुपर्छ। सामुदायिक बौद्धिक सम्पत्ति अधिकार स्थापित गर्न सकिएमा मात्र रैथाने ज्ञानको स्वामित्व सुरक्षित हुन्छ।

सीपदेखि बजारसम्म विधेयकले तालिम, सीप परीक्षण, प्रमाणीकरण, व्यवसायीकरण, सहुलियतपूर्ण ऋण, अनुदान तथा बजार व्यवस्थापनको व्यवस्था गर्न खोजेको छ। तालिम र अनुदानले मात्र उद्यम बन्दैन। तालिमपछि उपकरण र उपकरणपछि उत्पादन चाहिन्छ। उत्पादनपछि गुणस्तर, डिजाइन, ब्रान्डिङ; बजार, पुँजी र निर्यातको बाटो तय हुनुपर्छ। त्यसैले, सीप विकासलाई छुट्टै कार्यक्रम होइन, सीपदेखि बजारसम्मको पूर्ण मूल्यशृंखलाका रूपमा हेर्नुपर्छ। सरकारी खरिदमा रैथाने उत्पादनलाई प्राथमिकता दिने व्यवस्था उपयोगी हुन्छ। सरकारी तथा सार्वजनिक निकायले यसको प्रयोग बढाउँदा राज्य नै यसको प्रारम्भिक बजार बन्न सक्छ।

सीपको प्रमाणपत्रभन्दा मूल्यको महत्त्व विधेयकले राष्ट्रिय योग्यता प्रारूपअनुसार परम्परागत पेसा, व्यवसाय, ज्ञान र कलासीपको परीक्षण तथा योग्यताको मान्यता दिने व्यवस्था गरेको छ। पुस्तौंदेखि काम गर्दै आएका व्यक्तिसँग औपचारिक प्रमाणपत्र नहुन सक्छ, तर उनको सीप उच्चस्तरको हुन्छ। राज्यले त्यस्तो सीपलाई औपचारिक मान्यता दिनुपर्छ। प्रमाणपत्र दिएरमात्र दायित्व पूरा हुँदैन। दक्ष शिल्पीलाई प्रशिक्षक मानेर नयाँ पुस्तालाई सीप सिकाउने व्यवस्था गर्नुपर्छ। विद्यालय तथा प्राविधिक शिक्षालयमा त्यस्तो ज्ञानलाई जोड्नुपर्छ। यसरी गुरु-शिष्य परम्परालाई आधुनिक सीप हस्तान्तरण प्रणालीमा रूपान्तरण गर्नुपर्छ।

पुस्तान्तरण नै संरक्षण रैथाने सीप र संस्कृतिको सबैभन्दा ठूलो चुनौती पुस्तान्तरण हो। सामाजिक अपमान, न्यून आम्दानी, बजारको अभाव र आधुनिक अवसरसँग जोडिन नसक्नुजस्ता कारणले नयाँ पुस्ता परम्परागत पेसाबाट टाढिँदै गएको छ। युवालाई 'पुरानो पेसामा फर्क' भन्नुमात्र पर्याप्त हुँदैन। कुनै शिल्पीले पुर्खाको सीपबाट आधुनिक डिजाइनको उत्पादन बनाउन, अनलाइन बेच्न, निर्यात गर्न र सम्मानजनक आम्दानी गर्न सके नयाँ पुस्ता आफैं आकर्षित हुनेछ। लोपोन्मुख सीपका दक्ष व्यक्तिलाई 'जीवित गुरु'का रूपमा पहिचान गरी नयाँ पुस्तालाई प्रशिक्षण दिने राष्ट्रिय कार्यक्रम आवश्यक छ। सीप संग्रहालयमा थन्किएर होइन, पुस्तामा हस्तान्तरण भएर मात्र जीवित रहन्छ।

भूमि र उत्पादन रैथाने शिल्पी समुदायका लागि शिल्पग्राम, सामुदायिक कार्यशाला, उत्पादन तथा बिक्री केन्द्र निर्माण गर्न सकिन्छ। यसरी बस्तीहरू उत्पादन र उद्यमको केन्द्र बन्न सक्छन्। बिनाविकल्प उठाइएका सुकुम्बासीमध्ये १० जनाको अकालमै ज्यान गएको कुरा बिर्सन हुँदैन। सुकुम्बासीमा सबैभन्दा बढी जनजाति र दलित रहेको तथ्यांकले देखाउँछ। तसर्थ, भनाइ र गराइबीच तादात्म्य कायम हुनुपर्छ। समावेशी दृष्टिकोणको सवाल विधेयकको राम्रो पक्ष शिल्पी समुदायभित्रको विविधतालाई स्वीकार गर्नु हो। आर्थिक अवस्था, भूगोल, महिला तथा पछाडि पारिएका समूहका आधारमा सेवा र अवसरको न्यायोचित वितरण आवश्यक छ। आवश्यकता र अवस्थाअनुसार प्राथमिकता दिनु नै सामाजिक न्याय हो। यसलाई तथ्यांकमा आधारित, पारदर्शी र अद्यावधिक प्रणालीसँग जोड्नुपर्छ।

प्रतिनिधित्वसँगै निर्णायक भूमिका राज्यका विभिन्न तहमा शिल्पीको समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्ने व्यवस्था विधेयकको महत्त्वपूर्ण पक्ष हो। यद्यपि, प्रतिनिधित्व केवल संख्या पूरा गर्ने अभ्यास बन्नु हुँदैन। नीति निर्माण, बजेट विनियोजन र कार्यक्रम कार्यान्वयनमा अर्थपूर्ण सहभागिता हुनुपर्छ। निर्णय गर्ने अधिकार र स्रोतमा पहुँच भएमात्र सहभागिता सार्थक हुन्छ। पछिल्ला सरकारी नियुक्तिहरूमा पहाडे खस-आर्यको मात्र एकल वर्चस्व देखिनु संविधानको धारा ४२ ले व्यवस्था गरेको समानुपातिक समावेशी हकविपरीत छ।

अनुदान होइन, उद्यमशीलता विगतका धेरै कार्यक्रम तालिम, गोष्ठी र अनुदान वितरणमा मात्र सीमित छ। त्यस्तो शैली दोहोरिनु हुँदैन। नयाँ पुस्तालाई रोजगारी सिर्जना गर्ने उद्यमी बनाउने नीति आवश्यक छ। सहुलियतपूर्ण ऋण, बिमा, उपकरण, कच्चा पदार्थ, प्रविधि, बजार र निर्यात सुविधा एउटै प्रणालीमा जोडिनुपर्छ। सफल उद्यमलाई विस्तारको अवसर दिनुपर्छ भने असफलताबाट सिक्ने वातावरण बनाउनुपर्छ। कानुनले सहायता होइन, स्थायी आर्थिक आधार निर्माण गर्नुपर्छ। आर्थ्रत होइन, स्वाभिमानी र उत्पादक नागरिक निर्माण गर्ने दिशालाई प्राथमिकता दिनुपर्छ।

प्राधिकरणको विकल्पमा परिषद् दलित विकास प्राधिकरणको विकल्पमा 'रैथाने शिल्प-हस्तकला विकास परिषद्' स्थापना गरिनुपर्छ। परिषद्लाई विशेष ऐनद्वारा स्वायत्त, अधिकारसम्पन्न र स्रोतसाधनयुक्त निकायका रूपमा विकास गरिनुपर्छ। यसले रैथाने शिल्प-हस्तकला, सीप, ज्ञान, प्रविधि र संस्कृतिको संरक्षणमा जोड दिनुपर्छ। पुस्तान्तरण, उत्पादन, व्यवसायीकरण र अन्तर्राष्ट्रिय बजार विस्तारसम्मको जिम्मेवारी यसैले लिनुपर्छ। दलित विकासको सीमित दायराभन्दा माथि उठेर नेपालका सम्पूर्ण रैथाने शिल्पी समुदायको सीपकला र संस्कृतिलाई राष्ट्रिय अर्थतन्त्रसँग जोड्ने नयाँ संस्थागत संरचना स्थापना गर्नुपर्छ।

शिल्पलाई अर्थतन्त्र बनाउने समय नेपालमा रैथाने शिल्प-हस्तकलालाई अझै पनि संस्कृति र परम्पराको सीमाभित्र मात्र हेरिन्छ। तर, धातुका मूर्ति, काष्ठकला, बाजागाजा, माटोका सामग्री, छालाका उत्पादन, कपडा, हस्तकला र वास्तुकलाको बजारीकरण गरिनुपर्छ। स्थानीय प्रविधिलाई आधुनिक डिजाइन, प्रविधि र अन्तर्राष्ट्रिय बजारसँग जोड्न सकिन्छ। शिल्पीलाई अनुदानको आश्रित होइन, उद्यमी र उत्पादकका रूपमा हेर्नुपर्छ। राज्यले पुँजी, प्रविधि, बजार र नीतिगत सुविधा उपलब्ध गराउने हो भने उत्पादन र सिर्जनाको नेतृत्व समुदायले नै गर्नेछ। कति शिल्पीको सीप अभिलेख भयो? कति सीप पुस्तान्तरण भयो? कति उद्यम खुले? कति रोजगारी सिर्जना भयो? कति उत्पादन बजारमा पुग्यो? कति परिवारको आय बढ्यो? यस्ता स्पष्ट सूचक आवश्यक छन्। समयसीमा, जिम्मेवार अधिकारी, गुनासो सुनुवाइ, सामाजिक लेखापरीक्षण र सार्वजनिक प्रतिवेदन जस्ता संयन्त्र अनिवार्य छन्।

निष्कर्ष, देशकै समृद्धिसँग गाँसिएको विधेयकलाई ओझेलमा पारिनु दु:खद् कुरा हो। यो एउटा महत्त्वपूर्ण सुरुवात हो, तर यसको लक्ष्य सुविधा वितरणमा मात्र सीमित हुनु हुँदैन। शिल्पी समुदायको श्रम, सीपकला, ज्ञान र संस्कृतिलाई सम्मानित शक्ति र आर्थिक पुँजीमा रूपान्तरण गर्नुपर्छ। 'रैथाने शिल्प-हस्तकला विकास परिषद्' जस्तो सक्षम संस्थामार्फत संरक्षण, स्वामित्व, प्रविधि, उत्पादन र बजारमा हस्तक्षेप गर्नुपर्छ। यसबाट पुस्तान्तरणलाई एउटै प्रणालीमा जोड्न सके यो विधेयक अधिकारको कानुनबाट आत्मनिर्भरता र समृद्धिको कानुन बन्न सक्छ। जुन हातले नेपाल निर्माण गरे, ती हातलाई अब संरक्षणको निरीह पात्र होइन, सिंगो राष्ट्र समृद्धिका निर्माता बनाउनुपर्छ।

सम्माननीय प्रधानमन्त्री बालेन्द्र शाहज्यूलाई खुलापत्र

विषय : भुटानी शरणार्थी समस्याको बाँकी अध्याय नेपालको कूटनीतिक नेतृत्व र मानवीय उत्तरदायित्वको ऐतिहासिक अवसर

सम्माननीय प्रधानमन्त्रीज्यू,

सादर सम्मानसहित यस खुला पत्रमार्फत पूर्वी नेपालमा तीन दशकभन्दा बढी समयदेखि न्याय र आशाको पर्खाइमा रहेका भुटानी शरणार्थीहरूका पीडा तपाईंसामु राख्न चाहन्छु। तपाईं जन्मिँदा नै, अर्थात् सन् १९९० को दशकको प्रारम्भमा, दक्षिण र पूर्वी भुटानबाट लखेटिएका नेपालीभाषी (लोत्साम्पा) र सार्छोप (ड्रुक्पा राजवंशभन्दा अलग ऐतिहासिक परम्परा भएको) समुदायका हजारौं भुटानीहरू दैनिक रूपमा काँकडभित्ता नाकाबाट नेपाल प्रवेश गर्दै थिए। सन् १९९१ देखि १९९४ सम्ममा यसरी आ श्रय खोज्दै आएकाहरूको संख्या करिब १ लाख २० हजार पुगेको थियो, जो पूर्वी नेपालका सातवटा शिविरमा शरणागत भए।

नेपालले आफ्नो इतिहासमा धेरै कठिन समय पार गरेको छ। तर, हरेक कठिन घडीमा यस राष्ट्रले एउटा अमूल्य पहिचान पनि जोगाएको छ, त्यो हो, मानवता। यही मानवताको आधारमा नेपालले तीन दशकभन्दा बढी समयदेखि भुटानबाट विस्थापित शरणार्थीहरूलाई संरक्षण प्रदान गर्दै आएको छ। यस कार्यले नेपाललाई विश्व समुदायमा एउटा जिम्मेवार, सहृदय र मानवीय राष्ट्रका रूपमा स्थापित गरेको छ। ती शरणार्थीहरूले कहिल्यै नेपाल र नेपाली जनतामाथि बोझ बन्न चाहेका थिएनन्; उनीहरूले त केवल ज्यान जोगाउन अस्थायी आ श्रयमात्र खोजेका थिए र आफ्नै मातृभूमि भुटानमा सम्मानपूर्वक फर्किने दिनको प्रतीक्षा गरिरहेका थिए। नेपाल प्रवेश गरेकै दिनदेखि उनीहरूले स्वदेश फिर्ताको आवाज उठाइरहे।

शरणार्थी र अन्तर्राष्ट्रिय समुदायको निरन्तर दबाबपछि नेपाल र भुटान सरकारबीच यो समस्या समाधानका लागि सत्रौं चरणसम्म मन्त्रीस्तरीय द्विपक्षीय वार्ता सम्पन्न भए। नेपालका तर्फबाट ती वार्ताहरूमा पालैपालो प्रतिनिधित्व गर्नेहरूमा केपी शर्मा ओली, शेरबहादुर देउवा, डा. रामशरण महत, चक्रप्रसाद बाँस्तोला, डा. भेषबहादुर थापा, डा. प्रकाशचन्द्र लोहनीलगायत हुनुहुन्थ्यो। दु:खका साथ भन्नुपर्छ, ती वार्ताहरू भुटानको कूटनीतिक चलाखीबाट नै सञ्चालित रहे। नेपालमा तत्कालीन समयमा हरेक ६ महिनामाजसो परिवर्तन भइरहने राजनीतिक अस्थिरताको भुटान पक्षले पूर्ण फाइदा उठायो। नेपाली प्रतिनिधिमण्डल बिनाकुनै गृहकार्य ती वार्तामा औपचारिकताकै लागि मात्र सरिक हुन्थे। शरणार्थीहरूले भुटानको नियतबारे नेपाल सरकारलाई पटक-पटक जानकारी गराएका थिए।

समस्याको मूल जड नबुझी, उचित परामर्श र गृहकार्य नगरी वार्तालाई औपचारिक भ्रमणका रूपमा मात्र नलिइदिन शरणार्थी प्रतिनिधिहरूले नेपालका मन्त्रीहरूलाई अनुरोध गरेका थिए। तर, ती मन्त्रीहरूबाट न शरणार्थीका सुझाव सुनिए, न त परामर्श नै गरियो। परिणामस्वरूप, शरणार्थीहरूलाई भुटान सरकारकै इसारामा चार वर्गमा विभाजन गरियो :

१. वास्तविक भुटानी नागरिकहरू
२. स्वेच्छाले देश छोडेकाहरू
३. गैर-भुटानी
४. आपराधिक गतिविधिमा संलग्न भनिएका व्यक्तिहरू

यस्तो विभाजन गर्ने कागजातमा शेरबहादुर देउवाले हस्ताक्षर गरिदिए, जसको दूरगामी र नकारात्मक असर शरणार्थीहरूले आजसम्म भोगिरहेका छन्। भुटानी शरणार्थी मामिलामा यो नै नेपालको कूटनीतिक लज्जास्पद हार थियो।

प्रधानमन्त्रीज्यू,

अझ दु:खलाग्दो विषय के छ भने, एकातिर वार्ताको नाटक मञ्चन भइरह्यो भने अर्कोतिर शिविरहरूमा बिचौलियातन्त्रको बिगबिगी बढ्दै गयो। शरणार्थीहरूका पीडा र अभावमाथि नेपाली राजनीतिमा उच्च जिम्मेवारीमा रहेका नेताहरूका आसेपासेहरूमार्फत व्यापार सुरु भयो। अन्तर्राष्ट्रिय संस्थाहरूको सेवा वितरण प्रणालीभित्र स्वार्थ समूहहरूले जरो गाडे। राहत वितरणदेखि आन्तरिक प्रशासनसम्मका सबै क्षेत्रमा बिचौलिया भर्ती गरियो। शरणार्थीहरूको राहतका लागि आएको रकम तिनै बिचौलियाहरूको भरणपोषणमा खर्चिन पुग्यो।

आफ्नै समुदायका मानिसहरूको सेवा कमभन्दा कम लागतमा गर्न सक्ने शिविरभित्रै शिक्षित तथा योग्य शरणार्थीहरू हुँदाहुँदै तत्कालीन नेपाल सरकारमा रहेकाहरूले शरणार्थीहरूको पीडाको ठूलो व्यापार गरे। यतिसम्म गरियो कि, कुनै शरणार्थी उपचार वा अन्य कामको सिलसिलामा केही दिन शिविरबाहिर गएमा निजको राहत पूर्ण रूपमा काटिदिइन्थ्यो। सो व्यक्ति शिविर फर्केपछि राहत नवीकरण गर्न बिचौलियाहरूलाई ठूलो रकम बुझाउनुपर्थ्यो। उजुरी र आपत्ति सुन्ने निकाय नै बिचौलियाका इसारामा चल्थे। आफूमाथि भइरहेको चरम शोषण टुलुटुलु हेर्नुबाहेक शरणार्थीहरूसँग कुनै विकल्प थिएन।

त्यही बेला नेपालमा सशस्त्र जनयुद्ध सुरु भयो। शरणार्थीहरूको गरिबीको फाइदा तत्कालीन विद्रोही समूहहरूले उठाउनुसम्म उठाए। धेरै गरिब युवा शरणार्थीलाई आफूतिर तान्ने काम गरे, र उनीहरूको पछिल्लो अवस्थाको न कुनै लेखाजोखा भयो, न कसैले जिम्मेवारी नै लियो। कयौं युवा कहिल्यै शिविर फर्किएनन्। वार्ताबाट ठोस निकास नआएपछि संयुक्त राज्य अमेरिकाको नेतृत्वमा तेस्रो मुलुक पुनर्स्थापनाको विकल्प अघि सारियो। चरम अभाव र अनिश्चितताबाट आजित शरणार्थीहरूको ठूलो हिस्सा यो विकल्प रोज्न बाध्य भयो, र आज उनीहरू संसारभरका आठ मुलुकका नागरिकका रूपमा नयाँ जीवन बिताइरहेका छन्।

तर, विभिन्न पारिवारिक तथा व्यक्तिगत कारणले पुनर्स्थापित हुन नसकेका र आफ्नै मातृभूमि भुटान फर्किने अभिलाषा राखेका अनुमानित साढे ६ हजार भुटानी शरणार्थी आज पनि मोरङ र झापाका दुई शिविरमा अनिश्चित भविष्यसँग जुधिरहेका छन्। शरणार्थीहरूको तेस्रो मुलुक स्थानान्तरण कार्यक्रमले विशेषगरी नेपालको गृह प्रशासन र तिनका वरिपरिका बिचौलियाहरूका लागि रातारात करोडपति बन्ने मार्ग प्रशस्त गरिदियो। सशस्त्र जनयुद्धमा हराएका र अन्य कारणले कलिलो उमेरमै बेपत्ता भएका शरणार्थीहरूका नाम लाखौंमा बेचिन पुगे। भुटानी शरणार्थीका नाममा व्यापार भइरहेको छ र सो कार्य तत्काल रोकियोस् भन्ने लिखित उजुरी लिएर शरणार्थी नेता टेकनाथ रिजाल तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवा, तत्कालीन सभामुख देवराज घिमिरे र तत्कालीन गृहमन्त्री नारायणकाजी श्रेष्ठसमक्ष गएका थिए।

परिणामस्वरूप उनीमाथि नै कपोलकल्पित मुद्दा दायर हुन पुग्यो। यो विषय हाल अदालतमा विचाराधीन रहेकाले अब उच्च अदालतमा न्यायिक सुनुवाइ हुनेछ र उचित न्याय मिल्नेछ भन्ने विश्वास छ।

प्रधानमन्त्रीज्यू, ६,५०० शरणार्थीको भविष्य के हुन्छ ?

आज पूर्वी नेपालका दुई शिविरमा रहेका ती ६५ सय शरणार्थी नेपालको वर्तमान सरकारको आशामा बाँचिरहेका छन्। नेपाल सरकारले उनीहरूको पीडा बुझोस् र उनीहरूको मर्यादित भविष्यका लागि ठोस पहल गरोस्। शरणार्थीका तर्फबाट विनम्रतापूर्वक तपाईंको सरकारसमक्ष निम्न विषयहरू राख्न चाहन्छु :

१. शिविरमा रहेका शरणार्थीहरूको सुरक्षा, स्वास्थ्य, शिक्षा र आधारभूत सेवाका बारेमा नेपाल सरकारको धारणा सार्वजनिक गरियोस्।
२. बाँकी रहेका भुटानी शरणार्थीहरूको हकहितका लागि नेपाल सरकारले भुटान सरकारसँग कूटनीतिक माध्यमबाट पुन: संवाद सुरु गर्ने पहल गरोस्।
३. भुटानी शरणार्थीहरूलाई तेस्रो देश पुनर्स्थापना गर्ने क्रममा नेपाल, भुटान र पुनर्स्थापना गरिएका देशहरूबीच भएका सहमतिपत्र सार्वजनिक गरियोस्।
४. यस विषयलाई नेपाल सरकारका तर्फबाट प्राथमिकतामा राखी अन्तर्राष्ट्रियकरण गर्ने पहल गरियोस्।
५. संयुक्त राष्ट्रसंघीय शरणार्थी उच्चायुक्तको कार्यालयले बाँकी भुटानी शरणार्थीहरूलाई नेपाल सरकारको जिम्मा लगाउने क्रममा 'भुटानी शरणार्थी शिविर' हटाएर 'शरणार्थी बस्ती' नामकरण गर्दा गरिएका सहमतिपत्र सार्वजनिक गरियोस्।

प्रधानमन्त्रीज्यू, तपाईं आफैं परिवर्तन र युवा आवाजको प्रतीकका रूपमा जनताको भरोसा जितेर यस पदमा आउनुभएको हो। पूर्वी नेपालका ती शिविरमा बाँचिरहेका भुटानीहरूले पनि त्यही परिवर्तनको आशा राखेका छन्, बालेन सरकारले उनीहरूको तीन दशक लामो पर्खाइलाई सुन्नेछ, र उनीहरूको मर्यादित पुनर्स्थापना वा स्वदेश फिर्तीका लागि ऐतिहासिक भूमिका निर्वाह गर्नेछ।

यो पत्र कुनै आरोप वा गुनासोका लागि होइन, बरु एउटा मानवीय अपेक्षाका लागि लेखिएको हो, नेपालको भूमिमा तीन दशकदेखि बाँचिरहेका यी शरणार्थीहरूको पीडा सत्तामा बस्नेहरूको कानसम्म यसअघिका कुनै सरकारका पालामा पुग्न सकेन, तपाईंको नेतृत्वको सरकार नै शरणार्थीहरूका लागि अन्तिम आशाको केन्द्र रहेको छ। यो ३५ वर्ष पुरानो पीडाको अन्त्य बालेन सरकारका तर्फबाट अवश्य हुनेछ भन्ने कामनासहित।

आशावादी,
रूप पोखरेल
पेन्सिलभेनिया, संयुक्त राज्य अमेरिका

बलात्कारपछि हत्या गरिएकी तीन वर्षीया बालिका गरिमा चौधरीप्रति श्रद्धाञ्जली व्यक्त गर्दै बाराको सिमरामा आइतबार साँझ गरिएको दीप प्रज्वलन। ● दिवाकर भण्डारी

मृत्युको बाटो छिचोल्दै सगरमाथाको चुचुरो चुम्दा...!

गोपीकृष्ण ढुंगाना | *काठमाडौं*

'हिँड्दाहिँड्दा कतिबेला हिउँको धाँजामा खसिन्छ, पत्तो हुँदैन।' सगरमाथा चढ्नेहरू यसै भन्छन्। पाइलैपिच्छे मृत्यु ढुकेर बसेको सगरमाथाको उकालो केवल हिउँ र चट्टानको थुप्रो होइन; यो त मान्छेको जिजीविषा र प्रकृतिको निष्ठुरताबीचको महासंग्राम हो। त्यही अदम्य साहस, मृत्युभय र आँसु जमेको रोमाञ्चक कथा हो, वृत्तचित्र 'रोड टु एभरेस्ट'।

क्याम्प फोर पुग्दा मौसमले रौद्र रूप लिइसकेको थियो। हिउँको आँधीले उडाउला झैं गर्दा आफूलाई गाइड गर्ने शेर्पा दाजुभाइले भनेका थिए, 'दाइ, अब फर्कनुपर्छ!' तर, ५० वर्ष नाघेका राज गुरुङको मनले मानेन। उनीभित्रको अठोट बोल्यो, 'यत्रो तल बेसक्याम्पबाट यहाँसम्म पुगिसकें, अब किन फर्कने ? भाइ, यहीँ बसौं।' त्यो हिउँको भयानक आँधीमा, टेन्टभित्र हिउँ छिर्दै गर्दा शेर्पाहरूलाई लागिरहेको थियो, 'हिमालमा मान्छे सुत्यो भने, सुतेको सुत्यै हुन्छ।' मृत्युको त्यो चिसो सासलाई नजिकैबाट महसुस गर्दै उनीहरूले ज्यानको बाजी राखेर रात काटे। ज्यान जोखिममा पार्नुभन्दा बचाउनु बुद्धिमानी भन्ने निष्कर्षका साथ क्याम्प २ मा झरेका उनीहरू मौसम अनुकूल भएपछि पुनः ३ र ४ तर्फ लागेका थिए।

शिखरतिर लम्किँदाको 'ट्राफिक जाम' अर्को कहालीलाग्दो परीक्षा थियो। १५-२० मिनेट त्यहीँ उभिँदा खुट्टाहरू स्वाट्टै जमेर कठ्याङ्ग्रिए। तर मुटु त्यतिबेला झन् चिसियो र मनै जिरिंग भयो, जब बाटोमा हिमालकै काखमा जमेर सदाका लागि निदाएका आरोहीका मृत शरीरहरू नाघेर हिँड्नुपऱ्यो। मृत्युको त्यो सजीव चित्र देख्दा पनि उनले डरलाई पन्छाए। मृत आत्मालाई ढोग्दै भने, 'उसको आत्मालाई शान्ति दिनुहोस्।' अनि अघि बढे। पहिले हिउँले सेताम्मे हुने हिमाल, आज जलवायु परिवर्तनले हिउँ पग्लेर निस्किएका काला र डरलाग्दा चट्टानहरूले आरोहणलाई झनै कष्टकर बनाइरहेको थियो।

- 'रोड टु एभरेस्ट' सगरमाथा आरोहणको जोखिम, संघर्ष, साहस र सफलताको वृत्तचित्र हो।
- वृत्तचित्रमा शिखरतर्फको बाटोमा मृत आरोहीका शव नाघेर अघि बढ्नुपर्ने कहालीलाग्दो अवस्था देखाइएको छ।

जब राजका पाइलाले ८,८४८.८६ मिटरको सर्वोच्च बिन्दु टेक्यो, समय टक्क अडियो। उनले सोचेका थिए, त्यहाँ पुगेर मज्जाले रुन्छु, चिच्याउँछु। तर अहँ! खुसीको त्यो अकल्पनीय उत्कर्षमा आँसु बगेनन्। उनी 'ब्ल्याक आउट' भए। होसै उडेजस्तो भयो। तल हेर्दा विशाल आकाश पैंतालामुनि थियो, स-साना चुचुराहरूमात्र देखिन्थे। मृत्युलाई जितेर पाएको त्यो अपार सफलता जीवनकै सर्वोत्कृष्ट पल थियो। उनलाई लाग्यो, मौनता र शान्ति नै सगरमाथाको असली वरदान थियो। उनले आफ्ना कुलपितृ र पसिना बगाउँदै डोहोऱ्याउने शेर्पाहरूलाई कृतज्ञताले सम्झिए।

मृत्यु र जीवनको दोसाँधमा उभिएको सगरमाथाले सधैं ज्यानमात्र लिँदैन, कहिलेकाहीँ हिउँको काखमा लुकाएर जीवन पनि दिन्छ। आठ हजार मिटरमाथिको 'डेथ जोन'मा लगातार ६ दिनसम्म हराएर, मृत्युको मुखबाट आफैं फुत्किएर फर्केका दावा शेर्पाको सासले भन्छ, सगरमाथाले उनलाई अझै असीम माया गरेको थियो। हिउँको चिहानबाट जुरुक्क उठेको यो चामत्कारिक पुनर्जन्म र अदम्य जिजीविषाको सजीव साक्षी पनि हो यो वृत्तचित्र।

हिमालहरूमा उकालो चढ्नु आफैंमा महासंग्राम हो। तर, अझ सगरमाथाको त्यही मृत्युमार्गमा सास थाम्दै, हिउँले खाएर जम्न लागेका औंलाहरूले क्यामेरा चलाउनु चानचुने त्याग थिएन। पात्रका रूपमा चुचुरो नाप्नुभन्दा, तिनै संघर्षरत पाइला र मृत्युभयलाई लेन्समा उतार्नु झनै सकसपूर्ण थियो। १८ पटक सगरमाथा चुमेका फुर्वातेन्जिङ शेर्पा र १० पटक सगरमाथासहित १४ वटै आठ हजार मिटर अग्ला हिमालको छाती नापेका निमाग्याल्जेन शेर्पाजस्ता योद्धाहरूले आफ्नै रगत तताएर, सासको बाजी राखेर यी दुर्लभ दृश्यहरू कैद गरेका हुन्।

विदेशमा 'नेपाल' भन्दा नचिन्ने, तर 'माउन्ट एभरेस्ट' भन्दा अंकमाल गर्न आइपुग्ने विश्व समुदायलाई यो वृत्तचित्र एउटा सटिक ऐना हो। महाभूकम्पको बेला 'हामी उठ्नेछौं' (वी विल राइज) को अठोटबाट सुरु भएको यो अभियानले आज विशुद्ध नेपाली प्राविधिक र लगानीमा विश्व मञ्चलाई एउटा गतिलो सन्देश दिएको छ। अब सगरमाथा केवल विदेशीको क्यामेरामा कैद हुने रोमाञ्चक 'एडभेन्चर'मात्र रहेन; यो त हाम्रै सास, हाम्रै पहिचान र हिउँमा लेखिएको हाम्रै पुर्खाको ज्युँदो इतिहास बनेर विश्वसामु गर्जिरहनेछ।

यिनै रगत, पसिना, जमेका आँसु र मृत्युमाथिको विजयको जीवन्त दस्ताबेज हो, 'रोड टु एभरेस्ट : फ्रम राइजिङ सिज टु मेल्टिङ स्नो'। वि विल राइज फाउन्डेसनको प्रस्तुति र सञ्चारकर्मी निर्मल श्रेष्ठको निर्देशनमा बनेको यो ५० मिनेटको वृत्तचित्रमा कुनै कृत्रिम दृश्य छैन। 'सगरमाथालाई चिनाउनभन्दा पनि बुझाउन यो फिल्म बनाएका हौं', निर्देशक श्रेष्ठको यो भनाइले हाम्रो हिमालको कथा हामी आफैंले भन्नुपर्छ भन्ने उद्घोष गर्छ। भोलि जलवायु परिवर्तनले हिउँ पग्लेर उराठिएला, तर मृत्युसँग जुधेर चुचुरो चुम्ने नेपाली साहसको यो काव्यात्मक गाथा इतिहासको छातीमा सधैं जीवित रहनेछ।

अपोलोको नयाँ प्रविधि

एआई र रोबोटिक सर्जरीले बदल्दैछ उपचारको शैली

काठमाडौं (अन्नपूर्ण) : प्लास्टिक सर्जरी, रोबोटिक सर्जरी र आर्टिफिसियल इन्टेलिजेन्स (एआई) आधारित उपचार सेवामा भएका पछिल्ला प्रगतिबारे अपोलो हस्पिटलले जानकारी दिएको छ।

काठमाडौंमा आयोजित कार्यक्रममा दिल्लीस्थित इन्द्रप्रस्थ अपोलो अस्पतालका प्लास्टिक सर्जरी विभागका वरिष्ठ परामर्शदाता डा. कुलदीप सिंह र जनरल सर्जरी विभागका वरिष्ठ परामर्शदाता डा. अरुण प्रसादले आधुनिक उपचार प्रविधि र विशेषज्ञ सेवाबारे जानकारी दिएका हुन्।

डा. सिंहका अनुसार आधुनिक प्लास्टिक सर्जरी सौन्दर्य सुधारमा मात्र सीमित छैन। दुर्घटना, क्यान्सरको शल्यक्रिया, जन्मजात समस्या तथा गम्भीर जलेका बिरामीको शरीरको संरचना र कार्यक्षमता पुनर्स्थापना गर्न यसको महत्त्वपूर्ण भूमिका रहेको छ। ६०-७० प्रतिशतसम्म शरीर जलेका बिरामीलाई पनि समयमै उपचार पाएमा राम्रोसँग बचाउन सकिने उनले बताए।

त्यस्तै, डा. प्रसादले रोबोटिक सर्जरी र एआई प्रविधि अपोलोका शल्यक्रिया तथा रोग निदान प्रक्रियामा प्रयोग भइरहेको जानकारी दिए। रोबोटिक प्रणालीले शल्यक्रियामा उच्च सटीकता र नियन्त्रण प्रदान गर्ने तथा एआईले रोग पहिचानलाई थप छिटो र प्रभावकारी बनाउन सहयोग गरिरहेको उनको भनाइ थियो।

अपोलोले नेपालसहित यस क्षेत्रका बिरामीलाई विश्वस्तरीय विशेषज्ञ उपचार सेवा उपलब्ध गराउने प्रतिबद्धता दोहोऱ्याएको छ।

पर्यटन व्यवसायीले मागे आरोहीको सुरक्षा

काठमाडौं (अन्नपूर्ण) : सगरमाथा आरोही संघले स्थापनाको २५ वर्ष पूरा गरेको अवसरमा रजत जयन्ती मनाएको छ। शुक्रबार आयोजित कार्यक्रममा सगरमाथा आरोही तथा पर्वतीय पर्यटन क्षेत्रमा योगदान पुऱ्याउने पत्रकारहरूलाई सम्मान गरिएको थियो।

संघकी अध्यक्ष माया शेर्पाले सगरमाथा आरोहीहरूको योगदानलाई जीवित राख्न संस्थाले निरन्तर काम गर्दै आएको बताउँदै रजत महोत्सव मनाउनु गौरवको विषय भएको उल्लेख गरिन्। कार्यक्रममा पर्वतारोहण संघ, पर्यटन बोर्डका पदाधिकारी, अनुभवी आरोही तथा सरोकारवाला निकायका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो।

कार्यक्रममा सहभागीहरूले आरोही तथा पर्यटन व्यवसायीहरूले पर्वतीय पर्यटन क्षेत्रमा कार्यरत मजदुर, आरोही तथा सहयोगी कामदारहरूको स्वास्थ्य, शिक्षा र जीवन सुरक्षामा सरकार गम्भीर बन्नुपर्ने माग राखे। उनीहरूले विशेषगरी उद्धार कार्य, सूचना सम्प्रेषण र व्यवस्थापनमा कमजोरी रहेको उल्लेख गर्दै अनुभवी आरोहीहरूलाई नै 'सम्पर्क अधिकृत'को रूपमा नियुक्त गर्नुपर्ने आवश्यकता औंल्याए।

सरकारी कर्मचारीहरूको फिल्ड अनुभव सीमित हुने भएकाले प्रभावकारी समन्वयका लागि अनुभवी आरोहीलाई जिम्मेवारी दिनुपर्नेमा उनीहरूको जोड थियो। यस विषयमा पहल गर्न पर्यटनसम्बन्धी कानुन एकीकरणका लागि तयार पारिएको विधेयकमा सुझाव समेटिने कार्यक्रमका प्रमुख अतिथि प्रतिनिधिसभाका सांसद तथा हिमाल आरोही मिङ्मा डेभिड शेर्पाले जानकारी दिए।

त्यस्तै, पर्वतारोहण संघका अध्यक्ष फुरगेल्जे शेर्पाले पर्वतीय पर्यटनमा शेर्पा समुदायको योगदान उच्च रहेको बताउँदै सफल आरोहीहरूलाई सम्पर्क अधिकृत बनाउन सरकार हिचकिचाइरहेको टिप्पणी गरे।

संघका महासचिव शिव सापकोटाले संसद् मार्फत सरकारसमक्ष विभिन्न मागहरू पेस गरिएको जानकारी दिए। उनले सगरमाथा आरोही संघ २५औं वर्षमा प्रवेश गरेको ऐतिहासिक क्षणमा सम्पूर्ण आरोहीहरूको त्याग, साहस र बलिदानलाई स्मरण गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गरे।

कार्यक्रममा बोल्दै वक्ताहरूले आरोहीहरूको सुरक्षा, अधिकार र भविष्य सुनिश्चित गर्न एकीकृत र कडा नीति निर्माण गर्नुपर्ने, कल्याणकारी कोष स्थापना गर्नुपर्ने, निःशुल्क स्वास्थ्य सेवा र सहिद आरोहीका परिवारलाई शिक्षा सुनिश्चित गर्नुपर्ने माग राखे। साथै जलवायु परिवर्तनबाट बढ्दो जोखिम न्यूनीकरण, आधुनिक प्रविधियुक्त तालिम, शीघ्र उद्धार प्रणाली र वैज्ञानिक आधारमा पारिश्रमिक निर्धारण गर्नुपर्ने विषय पनि जोडतोडका साथ उठाइएको थियो।

यसैगरी, सगरमाथा आरोहणसँग सम्बन्धित इतिहास, गतिविधि र सामग्री समेटिएको संग्रहालय स्थापना गर्नुपर्ने मागसमेत गरिएको छ। कार्यक्रममा संघले प्रकाशन गरेको आरोहीहरूको सफलताको कथा समेटिएको पुस्तकसमेत विमोचन गरिएको छ।

कुमारी बैंक लिमिटेड शाखा कार्यालय मलंगवा सर्लाहीको धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीको लागि १५ दिने गोप्य शिलबन्दी बोलपत्र आह्वानको सूचना

(प्रकाशित मिति २०८३/०५/०८ गते अन्नपूर्ण पोष्ट दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय मलंगवा सर्लाहीबाट तपसिलमा उल्लिखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सांवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तर ताकेता गर्दा समेत नतिरी नबूझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गरेको हूनाले निज ऋणीलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनीक सुचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने सांवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुंदा निज ऋणीले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण वापत बैंकलाई धितो बन्धक लेखिदिएको तपशिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा लिलाम बिक्रि गर्न यो १५ दिने धितो लिलाम सुचना प्रकाशित गरीएको छ। यो सूचना प्रकाशित भएको **मितिले १६ (सोह्रौं) औ दिन अर्थात मिति २०८३ भदौ २३ गते मंगलबार**को दिन गोप्य शिलबन्दी बोलपत्रद्वारा शाखा कार्यालय मलंगवा सर्लाहीबाट लिलाम बिक्री गरी बैंकको लेना रकम असुलउपर गरिने भएको हुँदा सर्व साधारणको जानकारीको लागि यो गोप्य शिलबन्दि बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिनईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुने छ।

तपसिल

ऋणीको विवरण

१. कम्पनी ऐन, २०६३ (संशोधन सहित) बमोजिम, नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७६/०१/२६ मा दर्ता नं. २१४६६२/७५/०७६ कायम भई दर्ता रहेको रौतहट जिल्ला, गरुडा न.पा., पोठियाही वडा नं. ०६, स्थित रजिष्टर्ड कार्यालय रहेको **दाई भाई एण्ड बिमल कृषि फार्म तथा दाना उद्धयोग प्रा.लि.।**
संञ्चालक - राकेश कुमार चौधरी
संञ्चालक - करुणा थपलिया

धितो सुरक्षणको विवरण

१. **दाई भाई एण्ड बिमल कृषि फार्म तथा दाना उद्धयोग प्रा.लि.**को नाममा मालपोत कार्यालय, रौतहटमा दर्ता कायम रहेको रौतहट जिल्ला पोठियाही गा.वि.स., वडा नं. ६ ख स्थित कित्ता नं. ३२ र १२९५ को क्षे.फ. क्रमशः ०-१०-१०-० र ०-१३-१३-५.५ (वि.क.धु.क) जग्गा र सो जग्गामा निर्माण भएको घर तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत।
२. **हेमन्ती देवी**को नाममा मालपोत कार्यालय, गौर, रौतहटमा दर्ता कायम रहेको रौतहट जिल्ला, पोठियाही गा.वि.स. वडा नं. ६ ख स्थित कित्ता नं. २१५, ३८३, ३८२, २१३, २१८, ६०९ र ५१३ को क्षे.फ. क्रमशः ०-२-१२, ०-०-६, ०-०-८$^{१/२}$, ०-२-१५, ०-१-०, ०-०-१ र ०-२-१५ (वि.क.धु.क) जग्गा/घर र ऐ.ऐ वडा नं ७ स्थित कित्ता नं. ४२३ को क्षे.फ ०-२-१७-१२ (वि.क.धु.क) जग्गा र सो जग्गामा निर्माण भएको घर तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत।
३. **मुकेश कुमार चौधरी**को नाममा मालपोत कार्यालय, गरुडा, रौतहटमा दर्ता कायम रहेको रौतहट जिल्ला, पोठियाही गा.वि.स., वडा नं. ६ ख स्थित कित्ता नं. १९८, २००, १९९ र १२९८ को क्षे.फ. क्रमशः ०-०-१०, ०-३-१५, ०-०-१०, ०-६-१४$^{१/२}$ (वि.क.धु.क) जग्गा/घर र ऐ.ऐ वडा नं २ख स्थित कित्ता नं. ७०० को क्षे.फ. ०-०-१९$^{१/२}$ (वि.क.धु.क) जग्गा र सो जग्गामा निर्माण भएको घर तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत।
४. **विनय कुमार चौधरी**को नाममा मालपोत कार्यालय, मलंगवा, सर्लाहीमा दर्ता कायम रहेको सर्लाही जिल्ला, पडरिया गा.वि.स., वडा नं. ४ स्थित कित्ता नं. ३२० को क्षे.फ. ०-७-८ (वि.क.धु) जग्गा र सो जग्गामा निर्माण भएको घर तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत।
५. ऋणी **दाई भाई एण्ड बिमल कृषि फार्म तथा दाना उद्धयोग प्रा.लि.** को सम्पूर्ण चल अचल श्रीसम्पत्ति तथा अन्य आसामीहरुसंग लेना रकम उपर उल्लेखित कर्जा रकम तथा सोवाट उत्पन्न दायित्वको हदसम्म धनि बैंकको हक रहने गरी धितो सुरक्षण लिखत वा हाइपोथिकेशन तमसुक।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण

१. **हेमन्ती देवी**
ना.प्र.नं.- ७४४९०८६९
जारी मिति - २०३७/०२/१२, जि.प्र.का. रौतहत गौर
बाबु - राम आश्रे प्रसाद चौधरी
बाजे - थहा नभएको
पति - राजदेव प्रसाद चौधरी
स्थायी ठेगाना- रौतहत जिल्ला पोठियाही गा.वि.स वडा नं.५
हालको ठेगाना- रौतहत जिल्ला गरुडा न.पा वडा नं. ६

२. **राकेश कुमार चौधरी**
ना.प्र.नं.- ५०१४
जारी मिति - २०५८/१२/०४ जि.प्र.का. रौतहत
बाबु - राजदेव प्रसाद चौधरी
बाजे- सुर्य प्रसाद चौधरी
स्थायी ठेगाना - रौतहत जिल्ला पोठियाही गा.वि.स वडा नं.५
हालको ठेगाना- रौतहत जिल्ला गरुडा न.पा वडा नं.६

३. **मुकेश कुमार चौधरी**
ना.प्र.नं.- २५०७
जारी मिति - २०५८/०७/१८ जि.प्र.का. रौतहत
बाबु - राजदेव प्रसाद चौधरी
बाजे - सुर्य प्रसाद चौधरी
स्थायी ठेगाना- रौतहत जिल्ला पोठियाही गा.वि.स वडा नं.५,
हालको ठेगाना- रौतहत जिल्ला गरुडा न.पा वडा नं.६

४. **ललिता चौधरी**
ना.प्र.नं.- ३२३०७४/४९२
जारी मिति - २०६३/१२/११ जि.प्र.का. रौतहत
बाबु - राम स्वरुप चौधरी
बाजे - अमिरी चौधरी
पति - मुकेश कुमार चौधरी
स्थायी ठेगाना- रौतहत जिल्ला, पोठियाही गा.वि.स वडा नं.५
हालको ठेगाना- रौतहत जिल्ला, गरुडा न.पा वडा नं. ६

५. **राजदेव प्रसाद चौधरी**
ना.प्र.नं.- ३२१८००
जारी मिति - २०२७/०३/२२
जि.प्र.का. रौतहत
बाबु - सुर्य प्रसाद चौधरी
बाजे- दशै चौधरी
स्थायी ठेगाना-रौतहत जिल्ला, पोठियाही गा.वि.स वडा नं. ५
हालको ठेगाना- रौतहत जिल्ला, गरुडा न.पा वडा नं. ६

६. **रामबाबु प्रसाद चौधरी**
ना.प्र.नं.- ६/०५४/१/१५
जारी मिति - २०७३/०८/२७ जि.प्र.का. गरुडा रौतहत
बाबु - राजदेव प्रसाद चौधरी
बाजे - सुर्य प्रसाद चौधरी
स्थायी ठेगाना- रौतहत जिल्ला, पोठियाही गा.वि.स वडा नं. ७
हालको ठेगाना- रौतहत जिल्ला, गरुडा न.पा वडा नं.६

७. **रेनु देबी चौधरी**
ना.प्र.नं.- ९८
जारी मिति - २०५४/०५/३० जि.प्र.का. गृह मन्त्रालय
बाबु - दिपक चौधरी
बाजे - कमल चौधरी
पति - राजदेव प्रसाद चौधरी
स्थायी ठेगाना- रौतहत जिल्ला, पोठियाही गा.वि.स वडा नं. ५
हालको ठेगाना- रौतहत जिल्ला, गरुडा न.पा वडा नं. ६

८. **शशी कुमारी चौधरी**
ना.प्र.नं.- ५२६०८६४०
जारी मिति - २०५९/०४/०३
जि.प्र.का. सिराहा
बाबु - भोला प्रसाद चौधरी
बाजे- विदेश्वर प्रसाद चौधरी
पति - राकेश कुमार चौधरी
स्थायी ठेगाना- सिराहा जिल्ला, लहान न.पा वडा नं. १
हालको ठेगाना - रौतहत जिल्ला, गरुडा न.पा वडा नं. ६

९. **विनय कुमार चौधरी**
ना.प्र.नं.- ११-०१-७०-०५८२६
जारी मिति - २०७०/११/०८ जि.प्र.का. सलाही
बाबु - हिदय नारायण चौधरी
बाजे - किसुन चौधरी
स्थायी ठेगाना- सलाही, जिल्ला, पडरिया गा.वि.स वडा नं. ०१,
हालको ठेगाना- सलाही जिल्ला, मलंगवा न.पा वडा नं. १०

१०. **करुणा थपलिया**
ना.प्र.नं.- ११६११९/४६५- काभ्रेपलान्चोक
जारी मिति -२०५९/१२/०६
जि.प्र.का. भक्तपुर
बाबु - गोपीकृष्ण थपलिया
पति - भैरव प्रसाद मैनाली
स्थायी ठेगाना- भक्तपुर जिल्ला, थिमी न.पा, वडा नं. ०९
हालको ठेगाना- ऐ.ए

११. **भैरव प्रसाद मैनाली**
ना.प्र.नं.- १०२९०२ काभ्रेपलान्चोक
जारी मिति -२०५८/०८/२७
जि.प्र.का. भक्तपुर
बाबु - शेषकान्त मैनाली
बाजे - तोयनाथ मैनाली
स्थायी ठेगाना- भक्तपुर जिल्ला, थिमी न.पा, वडा नं. ०९
हालको ठेगाना- ऐ.ऐ

शर्तबन्देजहरु:

१. शिलबन्दी बोलपत्र यो सुचना प्रकाशित भएको **मितीले १५ (पन्ध्र) दिन अर्थात २०८३ भदौ २२ गते** भित्र बैंकको शाखा कार्यालय मलंगवा सर्लाहीमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय मलंगवा सर्लाहीबाट रु ५००/ तिरी प्राप्त गर्न सकिने छ उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गा को बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्ने छ।
३. बोलपत्रमा आफूले लिनचाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनु पर्नेछ र आफूले कबोल गरेको रकमको १० (दश) प्रतिशतका दरले हुने धरौटी वापत रकम कुमारी बैंक लि मा जम्मा गरेको भौचर, कुमारी बैंक लि.को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्ने छ, सो वाहेक अन्यकुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै व्याज दिईने छैन।
४. यो सूचना प्रकाशित भएको **मितिले १६ (सोह्रौं) दिन अर्थात २०८३ भदौ २३ अपरान्ह ३ :००** बजे देखि बोलपत्र दाता वा निजको प्रतिनिधिहरुको रोहवरमा शाखा कार्यालय मलंगवा सर्लाहीमा बोलपत्र खोलिने छ। बोलपत्र दाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन।
५. बोलपत्र बुझाउने अन्तिम मितीमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिनमा बोलपत्र खोलिनेछ।
६. म्याद नाघी वा रीत नपुगीआएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
७. बोलपत्र स्विकृत भएमा सम्बन्धित बोलपत्र दाताले सोको सूचनापाएको मितिले १५ (पन्ध्र) दिनभित्र बोल कबोल गरेको धरौटी बाहेकको बांकी रकम बैंकमा जम्मा गर्नु पर्नेछ। अन्यथा धरौटी वापत जम्माभएको रकम जफत हुनेछ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तूर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ।
९. लिलाम हूने सम्पत्ति सम्बन्धि अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय मलंगवा सर्लाहीमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन तथा प्रचलित कानून बमोजिम बैङ्कले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन।
१२. प्राप्त भएको गोप्य शिलबन्दि बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्विकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार बैंकमै सूरक्षित राखीएको छ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पुर्ण लेना असुलउपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरीनेछ।

बोलपत्र खोलिने मिति २०८३ भदौ २३ गते मंगलबार अपरान्ह ३:०० बजे

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
शाखा कार्यालय मलंगवा सर्लाही फोन नं. ०४६-५२१४०७

मासिँदै ५२ कुटी, ७२ कुण्ड

जनकपुरका ऐतिहासिक पोखरीमा कसको आँखा ?

गोविन्द महतो | *जनकपुरधाम*

'बावन कुटी, बहत्तर कुण्डा! फिरही सन्तजन झुन्डही झुन्डा!!' अर्थात्, ५२ कुटी (मठमन्दिर) र ७२ कुण्ड (पोखरी, कुवा, इनार)। भ्रमण गर्छन्, साधुसन्त झुन्डका झुन्ड। तर, यो चिनारी फेरिँदै गएको छ। यहाँका धार्मिक तथा सांस्कृतिक महत्त्वका पोखरी मासेर ठूलठूला भवन खडा गरिएका छन्।

२०६२ सालमा तत्कालीन श्री ५ को सरकारको मन्त्रिपरिषद्को निर्णयअनुसार भोजराज घिमिरेको संयोजकत्वमा गठित उच्चस्तरीय कार्यदलले तयार पारेको प्रतिवेदनअनुसार नगर क्षेत्रभित्र रहेका ४९ वटा सार्वजनिक पोखरीमध्ये पाँचवटा हराइसकेका छन्। तत्कालीन जनकपुर नगरपालिकाद्वारा तयार पारिएको 'जनकपुर टाउन प्रोफाइल, २०४८' अनुसार जनकपुरमा ५८ वटा धार्मिक पोखरीसहित ४० हेक्टरमा जम्मा ८२ वटा पोखरीहरू थिए। जसमध्ये ३२.८ प्रतिशतले आफ्नो अस्तित्व गुमाइसकेका छन्। ती पोखरीलाई पुरेर त्यहाँ भवनहरू ठडाउँदै बसोबास स्थल बनाइएको छ।

२०६२ को उच्चस्तरीय कार्यदलले जनकपुर क्षेत्रअन्तर्गतका सार्वजनिक पोखरीहरू, मठमन्दिरहरू तथा राजगुठीका जग्गाहरूको सुव्यवस्थापन, समुचित उपयोग एवं दिगो विकासका लागि विस्तृत प्रतिवेदन तयार पारेर सरोकारवालासमक्ष बुझाएको थियो। आफ्नो अस्तित्व नै गुमाएका पोखरीहरूमा जनक सरोवर, अमृत कुण्ड, गोपाल सर, पयश्विनी सर र बलदेव सर हुन्। लोप भएका पोखरीहरूमध्ये जनक सरोवर वकिल टोलमा रहेको थियो, जहाँको जग्गा बिक्री भई हाल बसोबास गर्ने स्थान बनेको छ।

जनकपुर प्रादेशिक अस्पतालदेखि दक्षिणतिर रहेको अमृत कुण्ड पनि पुरिएको छ। त्यस क्षेत्रमा अहिले बसोबास छ। सहरको मुटु शिवचोकमा रहेको मानकी होटल पयश्विनी सर पोखरी पुरेर बनाइएको प्रतिवेदनमा उल्लेख छ। त्यसैगरी कन्या माध्यमिक विद्यालयदेखि पूर्व रहेको बलदेव सर पोखरी भएको स्थानमा अहिले पक्की घरहरू छन् भने गोपाल धर्मशालादेखि पूर्वतिर रहेको गोपाल सर पोखरीको अस्तित्व पनि समाप्त भइसकेको छ।

बृहत्तर जनकपुर क्षेत्रअन्तर्गत तत्कालीन जनकपुर नगरपालिकाभित्र रहेका पोखरी, पोखरीको डिल, रामजानकीकोलगायत प्रमुख मन्दिर तथा गुठीको जग्गा संरक्षण र व्यवस्थापनका लागि सिफारिस गर्न गठित उच्चस्तरीय कार्यदल २०६२ को प्रतिवेदनअनुसार सरकारमा रहेका पूर्वमन्त्रीदेखि करोडौं, अर्बौं सम्पत्ति भएका व्यापारीहरूले समेत मन्दिरको जग्गा हडपेको उल्लेख छ।

पूर्वसचिव भोजराज घिमिरेको संयोजकत्वमा गठित एक सरकारी आयोग २०६२ को प्रतिवेदनले जनकपुरधामका विभिन्न गुठीको जमिनमा ६ सय ५० भन्दा बढी परिवारले अतिक्रमण गरेर भोगचलन गरिरहेको उल्लेख छ। १८ वर्षमा यो संख्या बढेर झन्डै तीन गुणा बढी भएको अनुमान स्रोतको दाबी छ। हिन्दु धर्मको आस्था र विश्वासका केन्द्र धार्मिक एवं सांस्कृतिक धरोहर रहेका मठमन्दिर तथा पोखरीहरूको उचित स्याहार, सम्भार र संरक्षणको अभावमा दुरावस्थाको शिकार भएका छन्।

जानकी मन्दिर छेउमै रहेको अतिक्रमित पोखरी र अतिक्रमित पोखरीछेउका संरचना खाली गराउन डोजर चलाइँदै। ● गोविन्द महतो

मठ-मन्दिर तथा मठमन्दिरसँग सम्बन्धित पोखरीको सम्पत्ति मास्ने, अतिक्रमण गर्ने र निजी बनाउनेजस्ता निन्दनीय कार्यहरू खासगरी उच्चपदस्थ सरकारी अधिकारी, गुठी संस्थान, समाजका प्रभावशाली व्यक्ति, मठमन्दिरका महन्तहरूले बेचेर खाएका छन्। जानकी मन्दिरको नाममा रहेको सम्पूर्ण जग्गा-जमिन, चल-अचल सम्पत्ति रेखदेख गर्ने, आम्दानी-खर्च दुरुस्त राखी मन्दिर सुव्यवस्थित रूपमा परिचालन गर्ने अर्थात् बेचबिखन, दानदातव्य, मनखप कसैलाई दिन नपाउने गरी छुट गुठीमा राखिएको छ।

सोको सम्पूर्ण जिम्मेवारी मन्दिरका महन्तलाई सुम्पिइएकोमा उपरोक्त काम गर्ने मनसायविपरीत रामशरण दासदेखि रामतपेश्वर दाससम्मको क्रियाकलाप र कामकारबाही हेर्दा छुट गुठीलाई महन्तले निजी गुठीको रूपमा प्रयोग गरेको देखिन्छ। अरगज्जा सर, तेलहा, मराहा पोखरी, पाकवती पोखरी, रामानन्द चोकपूर्वको खाली जग्गा, जनस्वास्थ्य कार्यालयपूर्वको जग्गा, देवी चोकको जग्गा, दशरथ तलाउ र मणिमण्डप तथा हनुमान मन्दिरको जग्गा रामतपेश्वरले बिक्री गरेको किटानीसाथ उल्लेख गरिएको छ। सर्भे नापीपछि खाली रहेको जग्गालाई पुरानो मितिको कबुलियतको कागज लेखी आफ्ना स्वर्गीय गुरु रामशरणदासको नक्कली हस्ताक्षर गरी छाप लगाई आफूले हालसम्मको मनखप बुझेको भरपाई दिई बिक्री गरेका छन्।

- २०४८ को तथ्यांकअनुसार जनकपुरमा ८२ वटा पोखरी रहेकामा करिब ३२.८ प्रतिशतले अस्तित्व गुमाइसकेका छन्।
- २०६२ को उच्चस्तरीय कार्यदलले सार्वजनिक ४९ पोखरीमध्ये ५ वटा पूर्ण रूपमा हराइसकेको उल्लेख गरेको थियो।
- लोप भएका प्रमुख पोखरीमा जनक सरोवर, अमृत कुण्ड, पयश्विनी सर, बलदेव सर र गोपाल सर छन्।
- जनकपुरका गुठी जग्गामा ६५० भन्दा बढी परिवारको अतिक्रमण रहेको २०६२ को प्रतिवेदनमा उल्लेख।

प्रतिवेदनमा महन्त रामतपेश्वर दास वैष्णवले अनाधिकृत रूपमा जानकी मन्दिरको पोखरी, त्यसको डिलको जग्गामा घर, सटर आदि बनाउन लगाएको उल्लेख छ। जुन पछिल्लो समय बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्का अध्यक्ष राजकुमार शर्मा हुँदा खाली गराइएको थियो।

प्रतिवेदन कार्यान्वयन भएन

बृहत्तर जनकपुर क्षेत्रअन्तर्गत तत्कालीन जनकपुर नगरपालिकाभित्र रहेका पोखरी, पोखरीको डिल, रामजानकीलगायत प्रमुख मन्दिर तथा गुठीको जग्गा संरक्षण र व्यवस्थापनका लागि सिफारिस गर्न गठित उच्चस्तरीय कार्यदलका सदस्य डा. भोगेन्द्र झाले प्रतिवेदन कार्यान्वयन नभएका कारण जनकपुरधामका मठ-मन्दिर तथा पोखरी मासिँदै गएको बताए। उनले भने, 'हामीले प्रतिवेदनमा जनकपुरको सम्पदा मन्दिर, पोखरी र गुठी जग्गाको अस्मिता जोगाउन पोखरीहरूको संरक्षण, संवर्द्धन र दिगो विकासका लागि प्रभावकारी ट्रस्टको निर्माण गर्न सुझाएका थियौँ, तर त्यो कार्यान्वयन भएन।

कार्यान्वयन नभएपछि कुन मन्दिरको आम्दानी कति, खर्च कति जस्ता पारदर्शिता नभएपछि बिस्तारै अनियमितता मौलाएर अस्तित्व समाप्त हुने अवस्थामा पुगेको छ।' उनले अर्बौं-खर्बौं मूल्यको गुठी जग्गाको व्यवस्थापकीय पक्ष कमजोर रहेकाले दिनानुदिन मासिने क्रम जारी रहेको र यसमा तुरुन्त नियन्त्रणात्मक उपाय अवलम्बन गर्न नसकिए सम्पदा, जग्गा र मठमन्दिर समेत मासिने चिन्ता व्यक्त गरे।

अतिक्रमित पोखरी खाली गराइँदै

लामो समयदेखि चर्चामा रहेको जनकपुरधामका ऐतिहासिक तथा धार्मिक अतिक्रमित पोखरीहरूका डिल खाली गराउन गुठी संस्थानले सुरु गरेको छ। गुठी संस्थान जनकपुरधामले पेठिया बजारस्थित गिरनारी कुटीनजिक रहेको गोरधोइ पोखरीको अतिक्रमित डिल खाली गराउन सुरु गरेको हो।

पूर्वसूचना जारी गरी गुठी संस्थान जनकपुरले साउन १ गते अतिक्रमित जग्गा खाली गर्न सूचना जारी गरे तापनि प्रदेश र स्थानीय सरकारको समन्वय नभएका कारण स्थगित भएको थियो।

गुठी संस्थानको सूचनाअनुसार स्थानीयले जग्गा खाली नगरेपछि जनकपुरधाम उपमहानगरपालिकाको समन्वयमा डोजर लगाएर खाली गराउन थालिएको छ। पहिलो चरणमा अतिक्रमित पोखरीको डिल खाली गराउन लागिएको गुठी संस्थान जनकपुरधामका किशोरकुमार झाले जानकारी दिए। उनका अनुसार पहिलो चरणमा ५० मध्ये सातवटा पोखरी अतिक्रमणमुक्त गराइनेछ।

विशेषगरी सरकारी रामजानकी मन्दिर जनकपुरधाम उप-महानगरपालिकाभित्रका पोखरी तथा मठमन्दिरको अवस्था र भोजराज आयोगको प्रतिवेदन २०६२ अनुसार खाली गराउन लागिएको उनले जानकारी दिए।

गुठीको वर्गीकरण

गुठीको जग्गालाई मूलत: राजगुठी, छुटगुठी र निजी गुठी गरी तीन भागमा विभाजन गरिएको छ। गुठी संस्थान ऐन २०३३ को दफा १९ तथा तत्कालीन गुठी संस्थान ऐन, २०२९ को दफा १८ ले छुट गुठी नरहेको व्यवस्था गरेको छ। अर्थात्, सबै छुट गुठी राजगुठीमा परिणत भई छुट गुठीको चल-अचल, जायजेथा, देवमूर्तिउपर छुटगुठीको सबै अधिकार संस्थानमा सर्नेछ र छुटगुठीका गुठियार-खानगीदारको सबै हक समाप्त हुनेछ भनी उल्लेख छ। जसले गर्दा हाल राजगुठी र निजी गुठी मात्र प्रचलनमा रहेका छन्।

राजगुठी : गुठी संस्थानको स्थापना हुनुपूर्व नेपाल सरकारले बन्दोबस्त र सञ्चालन गरी आएकोमा गुठी संस्थान ऐन, २०२१ को दफा २ (घ) बमोजिम त्यस्ता गुठीमा नेपाल सरकारबाट संस्थानमा हक र दायित्व सर्न आई संस्थानले बन्दोबस्त र सञ्चालन गरेको गुठी राजगुठी हो।

छुट गुठी : गुठीको आयस्ता गुठियार आफैँले उठाई लिखत तथा परम्परा बमोजिम गुठीको पूजाआजा, पर्व, जात्रा चलाई बाँकी रहेको शेष रकम राजगुठीमा बुझाउने वा गुठियार आफैँले खान पाउने गरी छुट पाएका गुठी। यस्ता गुठीका गुठियार, महन्त, पुजारी आदिको सम्पूर्ण हक गुठी ऐनको दफा १९ ले समाप्त गरी संस्थानमा सरेको छ। यस्ता गुठी देशभित्र १०३२ वटा छन्।

निजी गुठी : राजगुठीको लगतमा दर्ता नभएका र व्यक्ति आफैँले स्थापना र सञ्चालन गर्दै आएका व्यक्तिगत वा पारिवारिक दुनियाँ गुठीलाई निजी गुठी भनिन्छ। यस्ता गुठीको लगतसम्म संस्थानले लिन सक्ने व्यवस्था गुठी संस्थान ऐनको दफा १९ (क) ले गरेको छ। निजी गुठीका दातासहित अधिकांश गुठियारले लिखित अनुरोध गरेमा त्यस्तो गुठी संस्थानले जिम्मा लिई सञ्चालन गर्न सक्छ भने सामाजिक हितका लागि राखिएको निजी गुठीका गुठियारले गुठीको सम्पत्ति हिनामिना गरी धर्मलोप गरेमा गुठियारले अनुरोध नगरे पनि ऐनको दफा २० (२) बमोजिम संस्थानले आफ्नो जिम्मामा लिई सञ्चालन र बन्दोबस्त गर्न सक्छ। बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्का तत्कालीन अध्यक्ष राजकुमार शर्माले २०७२ सालमा अतिक्रमण हटाउने अभियान थालेका थिए। त्यस क्रममा ६ वटा पोखरी अतिक्रमण गरी बनाइएका घर भत्काइएको थियो।

लुम्बिनीमा सत्तारूढ नेकपामा किचलो

साबिक नाउपाले खोज्यो 'नाउपाकै' हैसियत

गोपाल शर्मा भट्टराई | *दाङ*

लुम्बिनी प्रदेश सरकारमा सत्तारूढ दल नेकपाभित्र किचलो सुरु भएको छ। सरकार गठन प्रक्रियामा नेकपामा समाहित अन्य दलहरूको सहभागिता नभए पछि सत्तारूढ दल नेकपा भित्री प्रस्ट रूपमा दुई धार देखिएको हो। सरकारमा सहभागिताको विषय र मन्त्री छनोटको विषयलाई लिएर नेकपा भित्री विवाद किचलो बढेको छ।

लुम्बिनी प्रदेश सरकारमा तीन मन्त्री सहभागी गराउने निर्णय गरेको सत्तारूढ दल नेकपामा तोकिएका मन्त्रीको शपथ नहुँदै विवाद देखिएको हो। सरकारमा सहभागीको विषय र छनोटलाई लिएर असन्तुष्टि देखाउँदै साबिक नाउपा (नागरिक उन्मुक्ति पार्टी)का प्रदेशसभा सदस्यहरूले विद्रोहको घोषणा गरेका छन्। उनीहरूले साबिक नाउपा पार्टीकै हैसियत सदनमा खोजेका छन्। नाउपाका लुम्बिनी प्रदेशमा तीन जना प्रदेशसभा सदस्य रहेका छन्। जसमध्ये दुई जनाले प्रदेशसभा र सभामुखलाई जानकारी गराउँदै सरकारमा नबस्ने र प्रतिपक्षको बेन्चको व्यवस्थापन गर्न लिखित माग गरेका छन्।

सत्तारूढ दल एमाले र नेकपाले मन्त्रीहरूको टुंगो लगाएर शपथको तयारी गरिसकेका छन्। सोमबार उनीहरूको शपथ हुँदैछ। नेकपाका तीन मन्त्रीको शपथको तयारी भइरहेका बेला तत्कालीन नागरिक उन्मुक्तिका प्रदेशसभा सदस्यहरू असन्तुष्ट देखिएका हुन्। उनीहरूले विपक्षी बेन्च मागेर प्रदेश प्रदेशमा पत्राचार गरेका हुन्। नेकपामा रहेका १३ सदस्यमध्ये तीन सदस्य नागरिक उन्मुक्ति र एक सदस्य नेकपा समाजवादीका रहेका छन्।

मुख्यमन्त्री चेतनारायण आचार्यले सोमबार शपथग्रहण गराउने गरी नेकपाबाट थपिएका तीन मन्त्री र अन्य एमालेका मन्त्रीको जिम्मेवारी हेरफेरको विवरण प्रदेश प्रमुख कृष्णबहादुर घर्ती समक्ष पठाइसकेको अवस्था छ। सोहीअनुसार सोमबार शपथको तयारी प्रदेश प्रमुखको कार्यालयले गरेको छ। नेकपाबाट प्रमुख सचेतक दाङका इन्द्रजित थारू, आर्थिक मामिला तथा योजना, रोल्पाका दीपेन्द्र पुन स्वास्थ्य र बर्दियाकी कृष्णाकुश्मा थारु कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रीमा सिफारिस गरिएको छ। मन्त्रीमा सिफारिस तीनै जना पूर्वमाओवादी पृष्ठभूमिका हुन्। इन्द्रजित र दीपेन्द्र पूर्वमन्त्री हुन् भने कृष्णा नयाँ अनुहार हुन्।

- साबिक नागरिक उन्मुक्ति पार्टी (नाउपा)बाट नेकपामा समाहित तीन प्रदेशसभा सदस्य असन्तुष्ट भएका छन्।
- राजकुमार चौधरी र नरमाया ढकालले सरकारमा नबस्ने र प्रतिपक्षी बेन्चको व्यवस्था गर्न प्रदेशसभा सचिवालयमा लिखित माग गरेका छन्।

एमाले र नेकपा गठबन्धन बनेपछि साबिकका नागरिक उन्मुक्ति र समाजवादीलाई सरकारमा सहभागी गराउने गरी सहमति भए पनि आफूहरूलाई विश्वासको मत लिने प्रयोजनका लागि मात्र प्रयोग गरिएको भन्दै प्रतिपक्षको कुर्सी माग गरेको प्रदेशसभा सदस्य राजकुमार चौधरीले बताए। उनले प्रदेशसभामा विपक्षी दलको हैसियतमा राख्न माग गरेका हुन्।

साबिक नागरिक उन्मुक्तिका प्रदेशसभा सदस्य राजकुमार चौधरी र नरमाया ढकालले नेकपाको निर्णय अस्वीकार गर्दै विपक्षी दलको कुर्सी उपलब्ध गराउन माग गरेको सचिवालयले जनाएको छ। चौधरीले लुम्बिनी प्रदेशसभा सचिवालयमा बुझाएको पत्रमा पार्टी एकताको मूल मर्म र भावनाविपरीत साबिक नेकपा (माओवादी केन्द्र) पृष्ठभूमिबाट एकलौटी रूपमा निर्णय गरिएको आरोप लगाएका छन्। त्यसका कारण आफू साबिक नागरिक उन्मुक्ति पार्टीको हैसियतमा सरकारको विपक्षमा बस्नुपर्ने अवस्था सिर्जना भएको दाबी उनको छ। उनले आफूलाई संवैधानिक तथा संसदीय मर्यादाअनुसार विपक्षी बेन्चमा बस्ने व्यवस्था मिलाइदिन आग्रह गरेका छन्।

नरमाया ढकालले आफूहरूलाई विश्वासको मतका लागि मात्र प्रयोग गरिएकाले अब विपक्षमा बस्ने निर्णय गरिएको बताइन्। 'गोप्य रूपमा गोप्य कोठामै बसेर मन्त्रीको नाम सिफारिस गरियो रे, हामीलाई अहिलेसम्म पनि जानकारी दिइएको छैन,' उनले भनिन्, 'बाहिर चलेको हल्लाअनुसार तीनजना नै पूर्वमाओवादी पृष्ठभूमिकालाई सिफारिस भएको रहेछ। हामीले यसलाई स्वीकार गर्दैनौं उनले भनिन्। उनले सभामुखसँग प्रतिपक्षका लागि कुर्सी व्यवस्था गरिदिन माग गरेको बताइन्। संसदीय अभ्यास, परम्परा र मर्यादाअनुसार आवश्यक व्यवस्था गर्नसमेत उनको माग छ।

नेकपाले लुम्बिनी प्रदेश सरकारमा पाउने तीन मन्त्रालयका लागि तत्कालीन माओवादीबाट प्रमुख सचेतक इन्द्रजित चौधरी, दीपेन्द्र पुन 'सिजल' र कृष्णकुश्मा थारू नाम अन्तिम टुंगो लागेको जनाएको छ। चौधरीका अनुसार साबिक नागरिक उन्मुक्तिबाट नेकपामा समाहित भएका तीनै जना प्रदेशसभा सदस्यसहित अन्य केही सांसदसमेत विपक्षी बेन्चमा बस्ने तयारीमा छन्।

यता जनता समाजवादी पार्टीभित्र पनि सरकारलाई लिएर मत विभाजन देखिएको छ। केन्द्रले समर्थन नगर्न निर्देशन दिएको छ भने संसदीय दलले समर्थन गरेपछि विवाद सतहमै पुगेको छ। दलका नेता सन्तोषकुमार पाण्डेयसहित केही प्रदेशसभा सदस्यलाई जसपा नेपाल केन्द्रले सातदिने स्पष्टीकरणसमेत सोधिसकेको छ।

लुम्बिनी प्रदेशसभामा नेकपाका १३ सदस्य रहेको बताइएको छ। तीमध्ये साबिक माओवादी केन्द्रबाट सभामुखसहित ९, नागरिक उन्मुक्ति पार्टीबाट ३ र नेकपा समाजवादीबाट १ जना रहेका छन। मुख्यमन्त्री आचार्यले जसपासहितको समर्थनमा विश्वासको मत पाएका थिए। ८३ प्रदेशसभा सदस्यमा ४५ प्रदेशसभाको विश्वासको मत मुख्यमन्त्री आचार्यले पाएका थिए। अहिलेको विरोध र विद्रोहको अवस्थाले सरकारको अवस्था अल्पमततर्फ उन्मुख रहने देखिन्छ।

भग्नावशेषमा...

तर उनीहरूले लगाएको त्यो भित्ता कतैबाट पनि सुरक्षित घर बन्ने अवस्था थिएन। त्यो त भत्किएका इँटाहरूलाई फेरि एक ठाउँमा मिलाएर बालमनले कोरेको घरको आकृतिमात्र थियो।

रोशनी कक्षा ३ मा पढ्छिन्। घर भत्किएपछि उनको पढाइसमेत प्रभावित भएको छ। विद्यालय जाने उमेरमा उनी किताब-कापी बोकेर कक्षाकोठातिर जानुपर्ने हो। तर अहिले उनका पाइला बारम्बार त्यही भग्नावशेषतिर पुग्छन्। जहाँ उनको घर थियो। विद्यालय उनको भविष्यतर्फ जाने बाटो हो। तर त्यो बाटो हिँड्नका लागि उनको वर्तमानमा सुरक्षित बास नै छैन। घर नभएपछि पढाइ कसरी नियमित हुन्छ? सन्तानको भविष्य पनि खण्डहर जस्तो भएको गुनासो गर्दै ललिता डाँगीले भनिन्, 'कसैका बालबालिका स्कुल जान्छन् कसैका जाँदैनन्। फि तिर्ने पैसा छैन। बस्ने बास छैन।'

घर गुमाएपछि विद्यालयसमेत टाढिँदै गएको पीडा रोशनीले महसुस गर्न थालेकी छन्। ढलल्क्ष्मी रावल, जया विष्ट र भैपुरा विष्ट यूकेजीमा पढ्दै थिए। उनीहरूको बाल्यकाल पनि विद्यालय, खेल र घरको वरिपरि बित्नुपर्ने थियो। तर अहिले उनीहरूका हातमा किताबभन्दा फुटेका इँटाका टुक्रा बढी देखिन्छन्।

कहिले भग्नावशेषभित्र पसेर केही खोज्छन्। कहिले इँटा बटुल्छन्। कहिले ढुंगा मिलाउँछन्। अनि कहिले आफूले बनाएको सानो पर्खालतिर हेरेर चुपचाप उभिन्छन्। उनीहरूको अनुहारमा बाल्यकालको चञ्चलताभन्दा हराएको घर र अनिश्चित भविश्य झल्किन्छ। उनीहरू सबैलाई एउटा कुरा थाहा छ भत्काइएको ठाँउमा उनीहरूको घर थियो। अर्को कुरा पनि थाहा छ, अहिले त्यो घर छैन। तर अब कहाँ जाने? उनीहरूको प्रश्नको उत्तर कसैसँग छैन।

बालिकाहरूका अनुसार प्रहरी आएको थियो। डोजर लगाएर घर भत्काइदियो। घरसँगै उनीहरूको बस्ने ठाउँ पनि गयो। अब कहाँ बस्ने, कहिलेसम्म यसरी बस्ने र फेरि घर कहिले बन्छ? उनीहरू बस्तीमा उनीहरूको अवस्था बुझ्न जानेहरूसँग प्रश्न गर्छन्।

शान्तिनगरको यो दृश्यले एउटा गम्भीर प्रश्न उठाएको छ। सार्वजनिक जमिनको संरक्षण, व्यवस्थापन वा अन्य कुनै कारण देखाएर गरिने कारबाहीको सबैभन्दा ठूलो मूल्य कतै यी बालबालिकाले त तिरिरहेका छैनन्?

किनकि घर भत्किँदा केवल इँटा, टिन र काठ भत्किँदैनन्। त्यससँगै बालबालिकाको पढाइ भत्किन्छ। उनीहरूको सुरक्षित निद्रा भत्किन्छ। खेल्ने ठाउँ भत्किन्छ। बाल्यकालको सुरक्षा भत्किन्छ। अनि विस्तारै भविष्यप्रतिको भरोसा पनि भत्किन सक्छ। डोजरले दुई दिनमै एउटा बस्तीको स्वरूप बदलिदियो। तर त्यस बस्तीमा बसेका बालबालिकाको मनमा बनेको 'घर' भत्काउन र फेरि बनाउन त्यति सजिलो छैन। शान्तिनगरको त्यो भग्नावशेषमा यस्ता १ हजार ४ सय बालबालिका अझै इँटा खोजिरहेका छन्। यसरी कहिलेसम्म खोजिरहने त्यो पनि उनीहरूलाई थाहा छैन। कयौं बालिबालिकालाई फुटेका इँटाभित्र खोजिरहेको घर अब त्यहाँ छैन भन्ने कुरासमेत थाहा छैन। तर उनीहरूको सानो प्रयासले सरकार र समाजसँग एउटा ठूलो प्रश्न भने गरिरहेको छ।

'हामीलाई बस्ने घर कसले बनाइदिन्छ ?'

कोहलपुर नगरपालिका-शान्तिनगरमा बस्दै आएका भूमिहीन तथा सुकुम्बासी परिवारका घरटहरा वैशाख २६ र २७ गते स्थानीय सरकारले डोजर लगाएर भत्काएपछि त्यहाँ बस्दै आएका परिवारहरू बासविहीन बनेका छन्। अहिले त्यही भग्नावशेषमा चार बालिका आफ्ना हराएका घर खोजिरहेका।

देउवा...

मल्लका अनुसार देउवा त्यसप्रति सकारात्मक देखिएका छन्।

'सबैलाई मिलाएर पार्टीको १५औं महाधिवेशन गर्न उहाँलाई अभिभावकीय जिम्मेवारी निर्वाह गर्न मैले आग्रह गरें,' मल्लले भने,' शेरबहादुर दाईले गगनसँग म पार्टी एकताका विषयमा छलफल गर्छु भन्नु भएको छ।'

उपचारपछि स्वदेश फर्किएका देउवाको स्वास्थ्य अवस्थाबारे बुझ्न आफूनिवास पुगेको मल्लले बताए। 'उहाँसँग मेरो राजनीतिक सम्बन्धविच्छेद भएको थियो। स्वास्थ्य अवस्था बुझ्नका लागि भेट्न गएको थिएँ,' मल्लले भने, 'स्वास्थ्य ठीक भएको पाएँ। दाइ पहिला बीचको समयभन्दा स्वस्थ देखिनुभएको छ।'

कांग्रेसको आधिकारिकतासम्बन्धी विवाद अहिले सर्वोच्च अदालतमा विचाराधीन छ। सर्वोच्चले यसअघि भएको फैसलामाथि पुनरावलोकनका लागि अनुमति दिएपछि देउवा पक्ष अन्तिम निर्णयको पर्खाइमा छ।

यसबीच देउवा पक्षले संस्थापन पक्षले अघि बढाएको महाधिवेशन प्रक्रिया रोक्न अदालत जाने तयारीसमेत गरिरहेको छ। त्यसैले सर्वोच्चको फैसला र महाधिवेशन रोक्न माग गरिएको रिटमा आउने आदेशले कांग्रेसभित्रको आगामी राजनीतिक समीकरणमा महत्त्वपूर्ण प्रभाव पार्ने देखिएको छ।

विश्वप्रकाशको जोड : अदालतभन्दा पार्टी कार्यालयमा संवाद गरौं

कांग्रेस उपसभापति विश्वप्रकाश शर्माले भने पार्टीभित्रको विवाद अदालतबाट भन्दा पार्टी कार्यालयमै बसेर संवादमार्फत समाधान गर्नुपर्ने उल्लेख गरेका छन्। उनले भने, 'राजनीतिक दलभित्रका असहमति र विवाद पार्टीभित्रै छलफल गरेर टुंग्याउनुपर्छ। त्यसको लागि पार्टी कार्यालय छ।' इतर पक्ष सर्वोच्च अदालत गएको विषयलाई भने सर्वोच्च जाने अधिकार भने कसैले निरुत्साहित गर्न नहुने उनको भनाइ थियो।

शर्माले कांग्रेसको विधानअनुसार महाधिवेशनको समयसीमाबारे पनि प्रश्न उठाउँदै निर्धारित समयमा महाधिवेशन प्रक्रिया अघि बढ्न नसके पार्टीको वैधानिकतामाथि गम्भीर प्रश्न उठ्न सक्ने चेतावनी दिएका छन्।

यी सबैबीच कांग्रेसभित्र अहिलेको विवादको केन्द्रमा १५औं महाधिवेशन छ। सभापति थापा पक्षले निर्धारित कार्यतालिकाअनुसार महाधिवेशन अघि बढाउन खोजिरहेको छ भने देउवा पक्ष अदालतको निर्णय र पार्टीको आधिकारिकतासम्बन्धी विवाद टुंगिएपछि मात्र अघि बढ्नुपर्ने पक्षमा देखिएको छ।

यसअघि विशेष महाधिवेशनबाट थापा सभापतिमा चयन भएका थिए। उक्त विशेष महाधिवेशनले नयाँ नेतृत्व चयन गरेपछि कांग्रेसभित्र दुई धारबीचको विवाद झन् गहिरिएको थियो।

तर पछिल्लो समय थापा स्वयंले देउवासँग संवादको आवश्यकता स्वीकार गर्नु, महरले दुवै पक्षबीच सहमतिको पहल गर्नु र देउवा पनि संवादका लागि सकारात्मक देखिनुले कांग्रेसभित्र सहमतिको सम्भावना पुन: चर्चामा आएको छ।

अब कांग्रेसको संकट समाधानमा गगन-देउवा प्रत्यक्ष संवाद, सर्वोच्च अदालतको फैसला र १५औं महाधिवेशनको प्रक्रिया तीनवटै पक्ष निर्णायक बन्ने देखिएको छ।

सुनचाँदीको भाउ



छापावाल सुन : ३,१९,५००
चाँदी : ४,९७५

(प्रतितोला रुपैयाँमा)

विदेशी विनिमय दर

मुद्रा	एकाइ	खरिद	बिक्री
अमेरिकी डलर	१	१५२.८२	१५३.४२
युरो	१	१७८.८३	१७९.५३
पाउन्ड स्टर्लिङ	१	२०८.७३	२०९.५५
भारतीय रुपैयाँ	१००	१६०	१६०.१५

दोलखा जिल्लामा रहेको पर्यटकीयस्थल कालिञ्चोकको फेदीमा रहेको कुरी बजार क्षेत्र। कालिञ्चोक जाने पर्यटक यही बजार भएर आवतजावत गर्ने हुँदा होटेल व्यवसाय फस्टाएका छन्।
● अन्नपूर्ण

सहमतिपछि घर फर्किए लघुवित्तपीडित

किरण अधिकारी | *काठमाडौं*

करिब दुई सातादेखि ललितपुरको पुल्चोकस्थित राष्ट्रिय मानव अधिकार आयोगको कार्यालय परिसरमा धर्ना दिँदै आएका लघुवित्त ऋणीहरू सरकारसँग १४ बुँदे सहमति भएपछि घर फर्किएका छन्। भदौ ६ गते नेपाल सरकार र आन्दोलनरत ऋणीहरूको वार्ता टोलीबीच भएको सहमति पछि उनीहरूले धर्ना कार्यक्रम स्थगित गरेका थिए। त्यसलगत्तै सरकारले साझा यातायातका आठ वटा बसको व्यवस्था गरेर ३ सय २३ जना ऋणीलाई आइतबार सम्बन्धित जिल्लातर्फ पठाएको छ।

झापा, मोरङ, सर्लाही, महोत्तरी, सिन्धुली, बारा, पर्सा र नवलपरासीलगायतका जिल्लाका ऋणीहरूलाई बिहानै गन्तव्यतर्फ पठाइएको हो। उनीहरूलाई बिदाइ गर्ने क्रममा विभिन्न सरकारी निकायका प्रतिनिधिहरू पनि उपस्थित थिए।

लघुवित्त ऋणीहरू पछिल्ला दिनमा संयुक्त राष्ट्रसंघको नेपाल कार्यालय र राष्ट्रिय मानवअधिकार आयोगको कार्यालय अगाडि धर्ना दिँदै आएका थिए। उनीहरूले लघुवित्त संस्थाबाट लिएको ऋण, बढ्दो ब्याज, कालोसूची, धितो लिलामी र वित्तीय संस्थाको व्यवहारप्रति असन्तुष्टि जनाउँदै सरकारसँग वार्ताको माग गरेका थिए।

- राष्ट्रिय मानव अधिकार आयोगको कार्यालय परिसरमा धर्ना दिँदै आएका लघुवित्त ऋणीहरुको सरकारसँग १४ बुँदे सहमति।
- सरकारले साझा यातायातका ८ वटा बसमा ३ सय २३ लघुवित्त ऋणीलाई आइतबार सम्बन्धित जिल्लातर्फ पठायो।
- लघुवित्त संस्थाका सदस्य, ऋणी र कर्मचारीसँग सम्बन्धित समस्याको अध्ययन गरी समाधानका उपाय सुझाउन उच्चस्तरीय समिति गठन हुने।

१४ बुँदे सहमतिमा समेटिएका विषय

सरकार र आन्दोलनरत पक्षबीच भएको१४ बुँदे सहमतिपत्रमा ऋणीहरूको मुख्य मागसँग सम्बन्धित विभिन्न विषय समेटिएका छन्। सहमतिअनुसार कालोसूचीमा परेका ऋणीहरूको बैंक खातामा जम्मा हुने सामाजिक सुरक्षा भत्ता, औषधोपचार खर्च, निवृत्तिभरण तथा तलबजस्ता रकम बैंक तथा वित्तीय संस्थाले रोक्न नपाउने व्यवस्था गर्ने उल्लेख गरिएको छ।

त्यस्तै, नेपाल राष्ट्र बैंकले लघुवित्त संस्थाको कालोसूची र धितो लिलामीसम्बन्धी विद्यमान व्यवस्थाको पुनरावलोकन गर्ने सहमति भएको छ। कर्जा मिनाहासम्बन्धी मागका विषयमा तथ्यांक संकलन र विश्लेषण गरी कार्यान्वयन योग्य विकल्प तयार गरेर अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंक र सम्बन्धित निकायमार्फत कार्यान्वयन प्रक्रिया अघि बढाइने सहमतिमा उल्लेख गरिएको छ। आर्थिक तथा परिस्थिति जन्य कारणले समयमै साँवा ब्याज तिर्न नसकेका ऋणीका लागि कर्जा पुनर्तालिकीकरणको व्यवस्था थप प्रभावकारी बनाइने पनि सहमतिमा समेटिएको छ। लघुवित्त संस्थाले ऋण प्रवाह गर्दा धितोको रूपमा अग्रिम चेक लिने, खाली कागजमा तमसुक गराउनेजस्ता अभ्यासलाई कडाइका साथ अनुगमन गरी बन्द गरिने प्रतिबद्धता पनि सरकार पक्षले जनाएको छ।

उच्चस्तरीय समिति गठन हुने

सहमतिअनुसार लघुवित्त संस्थाका सदस्य, ऋणी र कर्मचारीसँग सम्बन्धित समस्याको अध्ययन गरी समाधानका उपाय सुझाउन अर्थ मन्त्रालयले स्वतन्त्र विज्ञ सम्मिलित उच्चस्तरीय समिति गठन गर्ने भएको छ।

उक्त समितिले अध्ययनका क्रममा पीडित ऋणी, लघुवित्त संस्था तथा अन्य सरोकारवाला पक्षसँग छलफल गरेर सुझाव पेश गर्ने व्यवस्था गरिएको छ।

सहमतिमा हस्ताक्षर

सरकारको तर्फबाट प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव लीलाधर सुवेदी नेतृत्वको सरकारी वार्ता टोलीले सहमतिपत्रमा हस्ताक्षर गरेको हो।

आन्दोलनरत पक्षका तर्फबाट राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति तथा नागरिक बचाउ महाअभियानका वार्ता टोली संयोजक विजय थापासहित २१ जनाले सहमतिपत्रमा हस्ताक्षर गरेका छन्।

कार्यान्वयनतर्फ अबको नजर

लघुवित्त ऋणीहरूले सहमतिलाई सकारात्मक सुरुवातका रूपमा लिए पनि अब यसको प्रभावकारी कार्यान्वयन सबैभन्दा ठूलो चुनौती हुने बताएका छन्। सरकारले स्थानिय तहबाट एक महिनाभित्र वास्तविक ऋणी पहिचान गरी सहमतिअनुसार कार्यान्वयन हुने बार्ता टोलीका सदस्य हरिदेव महतोले जानकारी दिएका छन्।

'पीडितको माग पूरा नभएमा हामी फेरि आन्दोलनमा जान्छौं, तर कसैलाई यही विषयलाई लिएर राजनीतीकरण गर्नु छ भने गर्दा हुन्छ तर हामी व्यवसाय गर्ने मान्छे हौं हाम्रा माग क्रमशः पूरा हुँदै आए भने हामी अब आन्दोलन गर्दैनौं,' उनले भने।

यसअघि पनि विभिन्न मागमा सरकारसँग सहमति भए पनि कार्यान्वयनमा ढिलाइ भएको अनुभव रहेकाले यसपटक सरकारका प्रतिबद्धता व्यवहारमै लागू हुने अपेक्षा गरेको उनको भनाइ छ।

सरकारले भने सहमतिका बुँदालाई सम्बन्धित मन्त्रालय, नेपाल राष्ट्र बैंक र अन्य निकायसँग समन्वय गरी चरणबद्ध रूपमा कार्यान्वयन गर्ने जनाएको छ। अहिलेका लागि भने लामो समयदेखि राजधानीमा धर्ना दिँदै आएका सयौं ऋणी घर फर्किएसँगै आन्दोलन स्थगित भएको हो।

रिसर्च इन्स्टिच्युट अफ सर्भेयर इन् इन्स्योरेन्समा खकुरेल

काठमाडौं (अन्नपूर्ण) : रिसर्च इन्स्टिच्युट अफ सर्भेयर इन् इन्स्योरेन्स (रिसी) को अध्यक्षमा निरञ्जन खकुरेल निर्वाचित भएका छन्। रिसीको प्रथम वार्षिक साधारणसभा तथा प्रथम अधिवेशनले खकुरेललाई नयाँ कार्यसमितिको अध्यक्षमा चयन गरेको हो। नयाँ कार्यसमितिको सदस्यमा अनुजपुरुष ढकाल, विनोदबहादुर पाल, तुलसी दाहाल र अमरचन्द्र निरौला चयन भएका छन्।

समितिको संरक्षकमा सर्भेयर एसोसिएसनका अध्यक्ष ऋषिराम कोइराला रहेका छन्। उक्त कार्यक्रमा नेपाल बिमक संघका अध्यक्ष वीरेन्द्र बैद्धवार, नेपाल बिमा प्राधिकरणका पूर्वअध्यक्ष फत्तबहादुर केसी, प्राधिकरणका निर्देशक साम्बराज लामिछाने, सर्भेयर एसोसिएसनका अध्यक्ष ऋषिराम कोइरालालगायतको उपस्थिति रहेको थियो।

अध्यक्ष खकुरेलले नेपालको बिमा क्षेत्रको सर्भेयरसम्बन्धी अनुसन्धान र व्यावसायिक विकासमा केन्द्रित भएर काम गर्ने प्रतिबद्धता व्यक्त गरे। यसअघिको तदर्थ समितिको अध्यक्षमा मोहनपुरुष ढकाल, सदस्यमा निरञ्जन खकुरेल, नवीन भट्ट, भानु कर्णेल र पवित्रविक्रम राणा रहेका थिए।

उक्त समितिले पहिलो वार्षिक साधारणसभा तथा अधिवेशन गरेको हो। इन्स्टिच्युटको उद्देश्य रिसर्च जर्नल प्रकाशन गर्ने, बिमक र नेपाल बिमा प्राधिकरणसँगको सहकार्यमा बिमा उद्योगका विषयमा अनुसन्धान गर्ने रहेको छ।

'मिसन १६ खर्ब' पछ्याउँदै राजस्व संकलन

अन्नपूर्ण | *काठमाडौं*

चालु आर्थिक वर्षको भदौ ३ गते (३४ दिनमा) सरकारले एक खर्बभन्दा बढी राजस्व संकलन गरेको छ। सरकारले आर्थिक वर्ष २०८३/८४ मा १५ खर्ब ८० अर्ब रुपैयाँ राजस्व संकलन गर्ने लक्ष्य लिएको छ, जसलाई अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले 'मिसन १६ खर्ब' नाम दिएका छन्।

आर्थिक वर्षको यस अवधिमा सरकारको ढुकुटीमा एक खर्ब रुपैयाँ राजस्व जम्मा भएको महालेखा नियन्त्रक कार्यालयले जनाएको छ।

कार्यालयका अनुसार कुल एक खर्ब राजस्वमध्ये भन्सार महसुलतर्फ १४.५५ प्रतिशत, अन्तशुल्कतर्फ १५.४६ प्रतिशत र आयकर २२.१७ प्रतिशत संकलन भएको छ।

त्यस्तै मूल्य अभिवृद्धि कर (भ्याट) तर्फ ३४.०४ प्रतिशत र अन्यतर्फ १३.७८ प्रतिशत राजस्व संकलन भएको हो।

राजस्व चुहावट रोकेर 'मिसन मोड' मा राजस्वको उच्च लक्ष्य हासिल गर्ने उद्देश्यसहित अर्थ मन्त्रालय मातहतका निकायहरूलाई काम गर्न अर्थमन्त्री डा. वाग्लेले निर्देशन दिँदै आएका छन्। गत आर्थिक वर्षमा सरकारले १२ खर्ब ४९ अर्ब रुपैयाँ राजस्व संकलन गरेको थियो। चालु आर्थिक वर्षको लक्ष्य गत वर्षको कुल संकलनभन्दा ३ सय ३१ अर्ब रुपैयाँले बढी छ।

नाडा अटो सोमा 'मेड इन् नेपाल' सहित १३ ब्रान्डका दुईपाङ्ग्रे साधन प्रदर्शनी हुँदै

काठमाडौं (अन्नपूर्ण) : भदौ ९ गतेदेखि सुरु हुन गइरहेको १८औं संस्करणको नाडा अटो शोमा विभिन्न ब्रान्डले नयाँ मोटरसाइकल तथा स्कुटर सार्वजनिक गर्ने भएका छन्।

यस वर्षको अटो शोमा नेपाली श्रम, सीप र पुँजीमा तयार भएको ब्रान्ड यात्रीले पहिलो 'मेड इन् नेपाल' इलेक्ट्रिक स्कुटर सार्वजनिक गर्दैछ।

नाडा अटो शोमा ११ कम्पनीका १३ ब्रान्डले दुईपाङ्ग्रे साधन प्रदर्शनीमा राख्नेछन्। नेपालमै बनेको 'यात्री पी टु' सबैभन्दा ठूलो आकर्षण हुने देखिन्छ। सिप्रदी यात्री प्राविले 'यात्री पीटू स्कुटर' नाडा अटो शोबाटै बिक्री थाल्नेछ। एमएडब्लू राइज प्राइभेटअन्तर्गतको यामाहा नेपालले यामाहा एक्सएसआरसहित चार नयाँ मोडल सार्वजनिक गर्ने तयारी गरेको छ।

सीजी मोटर्सले हिरो ब्रान्डका तीन नयाँ मोडल प्रदर्शनी राख्ने जनाएको छ। कम्पनीले १६० सीसीको जुम स्कुटर, १२५ सीसीको ग्ल्यामर एक्स मोटरसाइकल र २५० सीसीको एक्सट्रिम मोटरसाइकल नाडा अटो शोबाट बिक्री थाल्दैछ। सीजी मोटर्सकै विद्युतीय ब्रान्ड भिडाले भीएक्स जेड स्कुटर र केथ्री डट मिनी मोटरसाइकल पनि प्रदर्शनी गर्ने जनाएको छ।

मिचे अटो नेपाल प्रालिले पाँचवटा नयाँ मोडल सार्वजनिक गर्ने जनाएको छ। कम्पनीले पाँचवटा विद्युतीय स्कुटरसहित अटो शोमा उपस्थिति बलियो बनाउने योजना तयार पारेको हो। रोयल इनफिल्डको बिक्रेता अल्फा अटोमोटिभले अटो शोमा नयाँ मोडल सार्वजनिक गर्दैछ।

कम्पनीले हालै बजारमा ल्याएको नयाँ क्लासिक मोडल अटो शोमा प्रदर्शनीको लागि राख्ने भएको हो। यस वर्षको नाडा अटो शोमा अन्य दुईपाङ्ग्रे ब्रान्डहरू क्यूजे मोटर्स, जोनसेन, भेस्पा, अप्रिलिया, एम्पियर, रिभोल्ट र मेटा ईभीलगायतले सक्रिय सहभागिता जनाउँदैछन्।

वीरगन्जमा प्रोटोनको ११औं सोरुम 'द अल-न्यु प्रोटोन इ.मास ५'

वीरगन्ज (अन्नपूर्ण): प्रोटोन गाडीको वितरक जगदम्बा मोटर्सले वीरगन्जमा नयाँ सोरुममा 'द अल-न्यु प्रोटोन इ.मास ५' सार्वजनिक गरेको छ। यससँगै नेपालभर प्रोटोनका आउटलेटको संख्या ११ पुगेको छ।

नेपालमा प्रोटोन ब्रान्डको दोस्रो विद्युतीय सवारीका रूपमा प्रस्तुत गरिएको इ.मास ५ ले सहरी जीवनशैली तथा दैनिक यात्रालाई थप सहज, स्मार्ट र आधुनिक बनाउने लक्ष्य बोकेको कम्पनीले जनाएको छ। प्रोटोनले बजार विस्तारलाई निरन्तरता दिँदै आगामी दिनमा पूर्वी नेपालको बिर्तामोडमा दसैंअघि नयाँ सोरुम सञ्चालनमा ल्याउने तयारी गरेको छ।

हालै मलेसियामा आयोजित प्रतिष्ठित 'एलियन्ज डीएसएफ भेहिकट अफ दी ईयर अवार्डस् २०२६' मा 'इलेक्ट्रिक कम्प्याक्ट भेहिकल अफ दी इयर २०२६' को उपाधि जित्न सफल प्रोटोन इ.मास ५ अत्याधुनिक प्रविधि, स्मार्ट फिचर र इन्टेलिजेन्ट डिजाइनको उत्कृष्ट संयोजनका रूपमा प्रस्तुत गरिएको छ। इ.मास ५ मा १४.६ इन्चको टचस्क्रिन इन्फोटेनमेन्ट सिस्टम, वायरलेस एप्पल कारप्ले तथा एन्ड्रोइड अटोलगायतका आधुनिक सुविधा उपलब्ध छन्।

बर्जर पेन्ट्सको 'रंग बहार' योजना, मोटरसाइकल र स्कुटर जित्ने अवसर

काठमाडौं (अन्नपूर्ण) : बर्जर पेन्ट्सले यसको चाडपर्वलाई लक्षित गर्दै 'रंग बहार' ग्राहक योजना ल्याएको छ। योजनाअन्तर्गत ग्राहकले यामाहा रे जेडआर १२५ तथा हाइब्रिड स्कुटरसहित ३ सय ५० बढी आकर्षक उपहार जित्ने अवसर पाउनेछन्। 'बर्जर रंग बहार, उपहारै उपहार, लक्की ड्रको बम्परमा यामाहा रे जेडआर' नाराका साथ ल्याइएको यस योजनामा पेन्ट्सका उत्पादन खरिद गर्ने ग्राहकले घरलाई नयाँ, आकर्षक र जीवन्त रंगले सजाउँदै उपहार जित्न सक्ने कम्पनीले जनाएको छ।

अभियानको आकर्षण यामाहा रे जेडआर १२५ र हाइब्रिड स्कुटर रहेको छ। यसका साथै ग्राहकले घरायसी उपकरणसमेत जित्न सक्ने कम्पनीले जनाएको छ। कम्पनीका अनुसार अभियानअन्तर्गत रहेका उपहारमा ६५ इन्चका ४ के स्मार्ट टीभी एक थान, २ सय ५३ लिटरका २ वटा रेफ्रिजेरेटर, ८ केजीका ३ वटा वासिङ मेसिन र ५ वटा माइक्रोवेभ ओभन पनि रहेका छन्। त्यस्तै, २-इन-१ कुकटप, एयर फ्रायर, ब्लेन्डर, स्ट्यान्ड फ्यान, स्टिमर, हेयर ड्रायर र टोस्टरसहित कुल ३ सय ६२ वटा आकर्षक उपहार जित्ने अवसर रहेको छ। अभियानमा सहभागी हुन ग्राहकले भ्याटसहित न्यूनतम एक लाख रुपैयाँबराबरको बर्जर पेन्ट्सका उत्पादन खरिद गर्नु पर्नेछ।

सार्वजनिक सूचना !!

विदेशी शैक्षिक कार्यक्रम (सञ्चालन र नियमन) नियमावली २०८३ परिच्छेद ८ (२०) को उपदफा २ अनुसार इटहरी उपमहानगरपालिका वडा नं. ९ दिपेन्द्र चोक स्थित यस Green Peace Lincoln College प्रा.लि. ले निर्देशिकामा भएको व्यवस्था बमोजिम साविकको कलेज/संस्थाको नाम Green Peace Lincoln College प्रा.लि वाट परिवर्तन गरी International School of Management and Technology Itahari प्रा.लि गर्ने भएकोले यसमा कोही कसैको दावी एवं उजुरी भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र शिक्षा तथा तथा खेलकुद मन्त्रालय, शिक्षण संस्था समन्वय शाखा, सिंहदरबार अथवा Green Peace Lincoln College प्रा.लि वा info@ismt.edu.np मा उजुरी तथा दावी गर्नु गराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अन्नपूर्ण विज्ञापन पाटी

स्वदेशमै उत्पादित गुणस्तरीय
सोलार वाटर हिटर
सस्ता आयातित तथा न्यून गुणस्तरीय सोलार जडान गरेको केही वर्षमा नै बिग्रेर हैरान हुनुहुन्छ ??
महर्जन मेटल इण्डष्ट्रिज
टेकु, काठमाडौं,
५३६२००१, ५३६२०३२
९८०१०३८५३६/९८०१०३८५४०

DO ADVERTISEMENT PROMOTE YOUR BUSINESS
Dial @
01-4112461
9801047935

रियल म्याड्रिडको विजयी सुरुवात

रियल म्याड्रिडले स्पेनिस ला लिगाको नयाँ सिजनमा विजयी सुरुवात गरेको छ। आइतबार राति भएको खेलमा रियलले स्पान्योललाई २-१ गोलले पराजित गरेको हो।

रंगशाला
अन्नपूर्ण
annapurnapost.com
८

१४औं दक्षिण एसियाली खेलकुद चैतमा

२०८३ चैत २० देखि २८ गतेसम्म पाकिस्तानमा हुने १४औं सागमा २८ खेल समावेश गर्ने निर्णय

अन्नपूर्ण | *काठमाडौं*

दक्षिण एसियाली खेलकुद (साग) को १४औं संस्करण आगामी चैतमा पाकिस्तानमा आयोजना हुने भएको छ। पाकिस्तानको इस्लामाबादमा भएको दक्षिण एसियाली ओलम्पिक काउन्सिल (एसएओसी) को बैठकले १४औं साग २०८३ चैत २० देखि २८ गतेसम्म गर्ने निर्णय गरेको हो। बैठकले पाकिस्तानमा हुने १४औं सागमा विभिन्न २८ खेल समावेश गर्ने निर्णय पनि गरेको बैठकमा सहभागी राष्ट्रिय खेलकुद परिषद्की कार्यकारी समितिकी सदस्य सिक्का सुवाल श्रेष्ठले जानकारी दिइन्। बैठकमा सिक्कासँगै नेपाल ओलम्पिक कमिटीका अध्यक्ष जीवनराम श्रेष्ठ र उपाध्यक्ष चतुरानन्द राजवैद्य पनि सहभागी भएका थिए।

१४औं सागमा एथलेटिक्स, पौडी, आर्चरी, ब्याडमिन्टन, बास्केटबल, बिलियर्ड एन्ड स्नुकर, बक्सिङ, क्रिकेट, फेन्सिङ, फुटबल, गल्फ, ह्यान्डबल (बिचसहित), हक्की, जुडो, कबड्डी, कराते, रोविङ, रग्बी सेभेन्स, सुटिङ, स्क्वास, टेबलटेनिस, तेक्वान्दो, टेनिस, ट्रायथलन, भलिबल (बिचसहित), भारोत्तोलन, कुस्ती र उसु खेलमा प्रतिस्पर्धा हुनेछ।

यससँगै नेपाली खेलकुद क्षेत्र फेरि क्षेत्रीय स्तरको ठूलो प्रतिस्पर्धाका लागि तयारीमा जुट्नुपर्ने भएको छ। दक्षिण एसियाका सात देशका खेलाडी सहभागी हुने साग नेपालका लागि अन्तर्राष्ट्रिय पदक जित्ने महत्वपूर्ण अवसरका रूपमा रहँदै आएको छ। पाकिस्तानमा हुने आगामी संस्करणमा नेपालले १३औं सागमा घरेलु मैदानमा गरेको ऐतिहासिक प्रदर्शनलाई आधार बनाएर अझ राम्रो नतिजा निकाल्ने लक्ष्य राख्नुपर्ने छ।

१३औं दक्षिण एसियाली खेलकुद सन् २०१९ मा नेपालमा आयोजना भएको थियो। काठमाडौं, पोखरा र जनकपुरमा सञ्चालन भएको उक्त प्रतियोगितामा नेपालले अहिलेसम्मकै उत्कृष्ट प्रदर्शन गरेको थियो। नेपालले ५१ स्वर्ण, ६० रजत र ९५ कांस्य गरी कुल २०६ पदक जित्दै पदक तालिकामा दोस्रो स्थान हासिल गरेको थियो। भारत १७४ स्वर्णसहित पहिलो स्थानमा रहँदा नेपालले ५१ स्वर्ण जितेर अन्य दक्षिण एसियाली राष्ट्रलाई पछि पारेको थियो।

१३औं सागको सफलताले नेपाली खेलाडीको क्षमता र सम्भावना दुवैलाई उजागर गरेको थियो। विशेषगरी तेक्वान्दो र कराते नेपालका लागि सर्वाधिक पदक दिलाउने खेल बनेका थिए। यी खेलका खेलाडीले स्वर्णसहित ठूलो संख्यामा पदक जित्दा नेपाललाई पदक तालिकामा बलियो अवस्थामा पुऱ्याउन महत्वपूर्ण योगदान दिएका थिए। यस्तै पौडी, एथलेटिक्स, बक्सिङ, जुडो, कुस्ती, भारोत्तोलनलगायतका खेलमा पनि नेपाली खेलाडीले उल्लेखनीय सफलता हासिल गरेका थिए।

घरेलु मैदानमा भएको प्रतियोगिताले नेपाली खेलाडीलाई दर्शकको समर्थन र परिचित वातावरणको फाइदा पनि दिएको थियो। त्यसको प्रभाव प्रदर्शनमा देखिएको थियो। तर, पाकिस्तानमा हुने १४औं संस्करणमा नेपाली खेलाडीले विदेशी भूमिमा प्रतिस्पर्धा गर्नुपर्ने भएकाले चुनौती केही फरक हुनेछ। यात्राको व्यवस्थापन, मौसम र वातावरणसँगको अनुकूलन, प्रतिस्पर्धी खेलाडीको स्तर तथा घरेलु समर्थकको अभावजस्ता पक्षले नेपाली टोलीको प्रदर्शनमा प्रभाव पार्न सक्नेछ।

१३औं सागको अर्को महत्वपूर्ण उपलब्धि नेपाली फुटबल टोलीको लगातार दोस्रोपटक स्वर्ण पदक जित्नु थियो। नेपालले फाइनलमा भुटानलाई पराजित गर्दै पुरुष फुटबलको स्वर्ण रक्षा गरेको थियो। यसले नेपाली फुटबलमा क्षेत्रीय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने आत्मविश्वास थपेको थियो। १४औं सागमा पनि फुटबलसहित सामूहिक खेलबाट पदक हासिल गर्नु नेपालको महत्वपूर्ण लक्ष्य हुनेछ। यसैगरी एथलेटिक्स, पौडी र मार्सल आर्ट्सका खेलमा नयाँ पुस्ताका खेलाडीको उदयले नेपाललाई आशावादी बनाएको छ। १३औं सागपछि अन्तर्राष्ट्रिय प्रतियोगितामा अनुभव बटुलेका खेलाडीले पाकिस्तानमा हुने प्रतियोगितामा आफ्नो स्तर सुधार गर्ने अवसर पाउनेछन्। पुराना अनुभवी खेलाडी र नयाँ प्रतिभाबीचको संयोजन नेपाली टोलीका लागि महत्वपूर्ण बन्न सक्छ।

तर, १३औं सागको उपलब्धि दोहोऱ्याउनु भने सजिलो हुनेछैन। सागमा नेपालको मुख्य प्रतिस्पर्धा भारतसँग हुँदै आएको छ। भारतसँग खेलाडीको संख्या, प्रशिक्षण सुविधा, खेल विज्ञान, पूर्वाधार र अन्तर्राष्ट्रिय एक्सपोजरमा ठूलो अन्तर छ। श्रीलंका, पाकिस्तान र बंगलादेश पनि धेरै खेलमा बलिया प्रतिस्पर्धी हुन्। त्यसैले नेपालले केही खेलमा मात्र निर्भर नभई धेरै विधामा पदक जित्ने रणनीति बनाउनुपर्ने देखिन्छ।

यसका लागि प्रतियोगिता सुरु हुनभन्दा लामो समयअघि नै खेलाडी छनोट, नियमित प्रशिक्षण, अन्तर्राष्ट्रिय एक्सपोजर र वैज्ञानिक तयारी आवश्यक हुनेछ। सागमा पदक दिलाएका खेललाई अझ बलियो बनाउँदै सम्भावना भएका नयाँ खेलमा समेत लगानी बढाउनुपर्ने आवश्यकता छ। नेपालका लागि १४औं साग अर्को एउटा क्षेत्रीय प्रतियोगिता मात्र होइन, १३औं सागमा बनाएको ऐतिहासिक उपलब्धिलाई निरन्तरता दिने अवसर पनि हो। २०१९ मा ५१ स्वर्णसहित कुल २०६ पदक जितेको नेपाली टोलीले यसपटक त्यसलाई उछिन्ने लक्ष्य राख्न सक्छ। त्यसका लागि सरकारी निकाय, राष्ट्रिय खेल संघ, नेपाल ओलम्पिक कमिटी, प्रशिक्षक र खेलाडीबीच प्रभावकारी समन्वय आवश्यक छ।

पाकिस्तानमा हुने १४औं सागमा नेपालको वास्तविक सफलता पदकको संख्याले मात्र निर्धारण गर्ने छैन। नयाँ खेलाडीको प्रदर्शन, युवा प्रतिभाको उदय र अन्तर्राष्ट्रिय स्तरमा नेपाली खेलको प्रतिस्पर्धात्मक क्षमता बढाउनु पनि उत्तिकै महत्वपूर्ण हुनेछ। १३औं सागले नेपाली खेलकुदलाई दिएको उत्साह र आत्मविश्वासलाई निरन्तरता दिँदै १४औं संस्करणमा नेपालले अझ परिपक्व र बलियो टोलीका रूपमा प्रस्तुत हुने अपेक्षा गरिएको छ।

नेपालमा पहिलो पटक हुन लागेको पुरुष भलिबलको फ्रेन्चाइज नेपाल भलिबल लिग (एनभीएल) को ट्रफी सार्वजनिक गरिएको छ। आइतबार काठमाडौंको बसन्तपुर दरबार क्षेत्र, ललितपुरको पाटन दरबार क्षेत्र र भक्तपुरको दरबार स्क्वायरमा ट्रफी प्रदर्शनी गरिएको थियो। ललितपुर दरबार क्षेत्रमा आयोजित कार्यक्रममा ललितपुर महानगरपालिकाका प्रमुख चिरीबाबु महर्जनले ट्रफी सार्वजनिक गरेका थिए। ● अन्नपूर्ण

मोनालिसा बंगलादेश प्रस्थान

अन्नपूर्ण | *काठमाडौं*

राष्ट्रिय खेलकुद परिषद्की बोर्ड सदस्य मोनालिसा खम्बू 'चेस प्रशिक्षक प्रशिक्षण कार्यक्रम' का लागि आइतबार बंगलादेशको पर्यटकीय सहर कक्स-बजार प्रस्थान गरेकी छन्।

उनलाई विश्व बुद्धिचाल महासंघ (फिडे) ले मुभमेन्ट इन रिफ्युजी (एमआईआर) र हिमालयन चेस एकेडेमी (एचसीए) को सहकार्यमा सञ्चालन गरिने एक साता लामो प्रशिक्षक प्रशिक्षण कार्यक्रममा फिडे इन्स्ट्रक्टर (एफआई) को जिम्मावारीसहित बंगलादेश पठाएको हो। उनले एमआईआर, यूएनएचसीआर

र कक्स-बजार चेस क्लबका २० जनालाई प्रशिक्षण दिनेछिन्।

हिमालयन चेस एकेडेमीकी संस्थापक र फिडे कमिसन फर वुमेन्स चेसकी सदस्यसमेत रहेकी खम्बूले यसअघि चेस फर प्रोटेक्सनअन्तर्गत कक्सबजारस्थित रोहिंग्या शरणार्थी समुदायका बालबालिकालाई पनि चेस प्रशिक्षण दिइसकेकी छन्।

अमेरिकी संस्था द गिफ्ट अफ चेसकी एम्बेस्डरसमेत रहेकी खम्बू नेपालकी पहिला महिला राष्ट्रिय च्याम्पियन हुन्। उनले नेपालको प्रतिनिधित्व गर्दै चेस ओलम्पियाड (सन् २०१४, २०१६ र २०१८), एसियन गेम्स (२००६ र २०१०), एसियन इन्डोर एन्ड मार्सल आर्ट्स गेम्स (२००९, २०१३ र २०१७) लगायत थुप्रै प्रतियोगिता खेलेकी छन्।

विकास र विपना च्याम्पियन

भवानी अधिकारी | *स्याङ्जा*

स्याङ्जा जिल्लामै पहिलो पटक आयोजना भएको जिल्लास्तरीय पावर लिफ्टिङ प्रतियोगितामा विकास गुरुङ र विपना रसाइली 'ग्रान्ड ओभरल च्याम्पियन' बनेका छन्। वालिङ बुल्स पावर लिफ्टिङ संघ स्याङ्जाको आयोजनामा भएको प्रतियोगितामा पुरुषतर्फ विकास र महिलातर्फ विपना च्याम्पियन बनेका हुन्। उपाधिसँगै उनीहरूले नगद पुरस्कारसहित विशेष ट्रफी र अवार्ड प्राप्त गरे।

स्क्वाट, बेन्च प्रेस र डेड लिफ्ट गरी तीन विधामा गराइएको प्रतिस्पर्धामा पुरुष ८० केजीमुनि तौल समूहमा कुल ३१५.३ केजी भार उचाल्दै विकास गुरुङ पुरुषतर्फको ग्रान्ड ओभरल च्याम्पियन बनेका हुन। सोही समूहमा २९७.२ केजी भारका साथ राजिन गुरुङ दोस्रो र

२८८.३ केजी भार उचालेर भीमनारायण बराल तेस्रो भएका छन्।

यसैगरी, महिला खुला तौल समूहमा कुल २४३.७ केजी भार उचाल्दै विपना रसाइली महिलातर्फको ग्रान्ड ओभरल च्याम्पियन बनेकी हुन्। महिलातर्फ १७३.९ केजी भारका साथ करुणा श्रेष्ठ दोस्रो र १७०.८ केजी भार उचाल्दै मौसमी राना तेस्रो बनेका थिए।

पुरुष ६० केजीमुनि तौल समूहमा ३१०.९ केजी भारका साथ जीवा राना प्रथम, ३०६.६ केजी भारका साथ दर्भिन गुरुङ दोस्रो र २५४ केजी भारका साथ नविन गुरुङ तेस्रो बने। पुरुष ८० केजीभन्दा माथिको तौल समूहमा २ ९०.१ केजी भार उचालेर कोसिस परियार प्रथम, २७१.५ केजी भारका साथ मनबहादुर थापा दोस्रो र २३३.६ केजी भारका साथ अमर सारु तेस्रो बने।

विभिन्न विधा तथा समूहमा उत्कृष्ट हुने खेलाडीलाई आकर्षक नगद पुरस्कार, मेडल र प्रमाणपत्र प्रदान गरिएको थियो। प्रतियोगितामा प्रत्येक तौल समूहमा प्रथम हुने खेलाडीले २० हजार, दोस्रोले १० हजार र तेस्रो हुने खेलाडीले पाँच हजार नगद पुरस्कार प्रदान गरिएको वालिङ बुल्स पावर लिफ्टिङ संघका अध्यक्ष जगत रानाले जानकारी दिए।

नेपाल न्युज नेटवर्क इन्टरनेसनल प्रालिद्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : कर्पोरेट टावर, तीनकुने, काठमाडौं, पोस्ट बक्स नं. २४९९९, फोन : ४११२३२७, फ्याक्स : ४४८२१९९, E-mail : annapurna@amn.com.np, द.नं. १३५/०५८/०५९, म.क्षे.हु.द.नं. ०६९/०७०, अध्यक्ष : **क्याप्टेन रामेश्वर थापा**, प्रधान सम्पादक : **बालकृष्ण बस्नेत**